जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २७९ • २०८२ साल फाल्गुन २५ गते सोमबार (9 March, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## धनुषा- १ मा आयोगको तेहरो चरित्र

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर-१ को मतपरिणाम घोषणा रोकिएको विषयलाई लिएर नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले आपत्ति जनाउँदै विरोध गरेको छ । नेकपाका नेता मातृकाप्रसाद यादवले धनुषाधाममा आइतबार निर्वाचन आयोगले मतपरिणाम सार्वजनिक गर्नबाट रोक लगाएको निर्णयप्रति असन्तुष्टि जनाउँदै विरोध गरेका छन् ।

नेकपाका कार्यकर्ता तथा समर्थकहरुले आफ्नो उम्मेदवार निर्वाचित भए पनि निर्वाचन आयोगले सुशासनको नाममा कुशासन प्रदर्शन गरेको भन्दै आयोगको कामकारबाहीमाथि प्रश्न उठाएका छन् ।

उनीहरुले तत्काल निर्वाचित भएका उम्मेदवारलाई आयोगले प्रमाणपत्र उलब्ध गराउनु पर्ने माग गर्दै प्रदर्शनसमेत गरेका छन् ।

नेकपा उम्मेदवार मातृकाप्रसाद यादवले निर्वाचन आयोगले दोहोरो मापदण्ड अपनाएको आरोपसमेत लगाए । उनले आयोगले पटकपटक पत्र पठाएर द्वन्द्व सृजना गराउन खोजेको आरोपसमेत गाए ।

आयोगका शाखा अधिकृत अरुण अधिकारीले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरेको विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकाले मतगणनाको परिणाम घोषणा नगर्न भन्दै तेस्रो पटक पत्र पठाएर रोक लगाएका छन् ।

आयोगले कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएपछि पहिलोपटक फागुन १८ गते किशोरी साहको उम्मेदवारी खारेजी गरेको थियो ।

मतपरिणाम सार्वजनिक भइरहँदा फागुन २३ गते आयोगले निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गर्दै किशोरीको मत गणना गरी सार्वजनिक नगरी छुट्टै लगत राख्न भनेको थियो ।

किशोरी साहबाहेक नेकपाका उम्मेदवार मातृकाप्रसाद यादवले १० हजार ४२८ मत प्राप्त गरेका छन् भने नेपाली कांग्रेसका उम्मेदवार रामपल्टन साहले ९ हजार ४८५ मत र नेकपा एमालेका उम्मेदवार रामचन्द्र मण्डलले ९ हजार २२० मत प्राप्त गरेका छन् ।

### कांग्रेसका पदाधिकारीहरु पाएनन् मतादेश

## 'बद्लियौँ कांग्रेस, बदल्छौ देश' मूलनारा मतदाताले पत्याएनन्

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पदाधिकारीहरुले मतादेश पाएका छैनन् । प्रतिनिधि सभा निर्वाचनमा सभापति सहित उम्मेदवार रहेका आठै जना पदाधिकारी पराजित भएका छन् ।

विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्वमा पुगेका पदाधिकारीहरु मध्ये प्रतिनिधि सभामा उम्मेदवारी दिएका सबै पदाधिकारीहरु पराजित भएका छन् ।

प्रधानमन्त्रीका लागि कांग्रेसले प्रस्ताव गरेको सभापति गगन थापा सर्लाहीको निर्वाचन क्षेत्र नम्बर ४ मा पूर्व सहकर्मीबाट ११ हजार बढी मतान्तरले पराजित भएका छन् ।

कांग्रेस पार्टीले प्रत्यक्ष तर्फ १७ सिट जितेको छ । तर त्यस मध्ये पदाधिकारी कोही पनि छैनन् । 'नेपाली कांग्रेस २.० : बदलियौं कांग्रेस, बदल्छौ देश' नारा दिएर सभापति थापालाई प्रधानमन्त्रीको रुपमा प्रस्ताव गरेको कांग्रेसले भने राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन साहको सुनामीलाई मत्थर गर्न सकेन ।

थापाले नै २०७९ सालको आम निर्वाचनमा डा.अमरेश कुमार सिंहको टिकट काटेका थिए ।तर सिंह स्वतन्त्र भएर नै चुनाव जितेका थिए । उनै सिंहसित सर्लाहीमा भिड्न पुगेका थापा लज्जास्पद पराजय भोग्नु परेको छ ।

निर्वाचनको सम्पूर्ण परिणाम घोषणा हुँदा सम्म कांग्रेस पार्टी दोस्रो स्थानमा रहने छ । सभापति समेत पदाधिकारीका लागि



त्यो परिणामले केहि सन्तुष्टि देलान् । तर समग्रमा कांग्रेसको नेतृत्व मतादेशबाट अनुमोदित हुन सकेनन् ।

कांग्रेसका उपसभापतिहरू विश्वप्रकाश शर्मा र पुष्पा भुसाल चुनाव लडेका थिएनन् । उपसभापति शर्मा केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक रहेका थिए ।

महामन्त्रीहरू प्रदीप पौडेल र गुरूराज घिमिरे पनि नराम्ररी पराजित भएका छन् । पौडेल र घिमिरेलाई रास्वपाका उम्मेदवारहरुको बिरुद्ध मतदाताहरुले मतदान गरेनन् । काठमाण्डु -५ बाट पौडेल र मोरङ-४ बाट घिमिरे रास्वपाका उम्मेदवारसँग पराजित भए । महामन्त्री पौडेल रास्वपाका सम्मित पोखरेलसंग साढे २१ हजार मतले पराजित भएका छन् । पौडेल २०७९ को आम निर्वाचनमा ५ नम्बर क्षेत्रबाट विजयी भएका थिए ।

महामन्त्री घिमिरे रास्वपाका उम्मेदवार सन्तोष राजवंशीसंग २८ हजार मतले पराजित भएका छन् ।पराजित भएको पीडालाई घिमिरेले समाजिक सञ्जालमा पोखे ।

सात जना सहमहामन्त्रीहरूका लागि पनि निर्वाचन अनुकूल बन्न सकेन । निर्वाचनमा पराजित हुने सहमहामन्त्रीहरूमा फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही, योगेन्द्र चौधरी र कर्णबहादुर बुढा रहेका छन् ।

सहमहामन्त्री मन्सुर मधेश प्रदेशको बारा-३ मा रास्वपाका अरबिन्द साहसँग ३० हजार बढी मतान्तरले हारेका हुन् । ललितपुर-१ मा महामन्त्री राणालाई पनि मतदाताले विश्वास गरेनन् । उनीपनि रास्वपाकै उम्मेदवार बुद्धरत्न महर्जनसँग १० हजार मतले पराजित भए । त्यस्तै सहमहामन्त्री रसाइली सुदूरपश्चिमको बझाङबाट नेकपा एमालेका उम्मेदवार ऐनबहादुर महरसँग २ हजार बढी मतले हारेका छन् । अर्का सहमहामन्त्री चौधरी पनि लुम्बिनी प्रदेशको दाङ-१ मा रास्वपाकै उम्मेदवारसँग पराजित भएका छन् । रास्वपाका उम्मेदवार नेता देवराज पाठकले उनलाई २७ हजारभन्दा बढी मतले हराएका छन् ।

कर्णाली प्रदेशको डोल्पामा उम्मेदवार रहेका सहमहामन्त्री बुढा आफ्नै सहोदर भाइसंग (नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार) धनबहादुर बुढासंग पराजित भएका हुन् । उनी झण्डै ४ हजार मतले पराजित भएका छन् ।

कोशी प्रदेशमा तीन, मधेश प्रदेश र बागमती प्रदेशमा एक/एक, गण्डकी र लुम्बिनीमा दुई/दुई, कर्णालीमा पाँच र सुदूरपश्चिममा तीन स्थानगरि कुल १७ स्थानमा जित निकालेको छ ।

चुनावमा नराम्ररी पराजित भएपछि कांग्रेसका पदाधिकारीहरुको राजीनामाको माग उठ्न थालेको छ । चुनावको उम्मेदवारी दर्ता हुनु अघिल्लो दिनसम्म महाधिवेशन र टिकट व्यवस्थापनमा अल्झिएका नेताहरु सोझै चुनावमा जाँदा मतदाताहरुको मन जित्न नसकेको बताइन्छ ।

रास्वपाले चुनावमा बालेनलाई प्रधानमन्त्रीको रुपमा अगाडि सार्दा त्यसको काट कांग्रेसले दिन सकेन । सभापति थापा स्वयं प्रधानमन्त्रीको उम्मेदवार रहेको घोषणा पार्टीबाट गराए पनि मतदाताले उनलाई पत्याएनन् । देशमा पहिलो पटक तराई, पहाड र हिमाल जोड्ने प्रधानमन्त्रीको उम्मेदवार बालेनको कारण नै रास्वपाको पक्षमा सुनामी आएको छ ।



जनकपुर टुडे
२०८२ साल फाल्गुन २५ गते सोमबार (9 March, Monday, 2026)

## लागुऔषधसहित आठ जना पक्राउ

काठमाण्डू । देशका विभिन्न भागमा रहेका प्रहरी कार्यालयबाट शनिबार गस्तीमा रहेको प्रहरी टोलीले कानुनले बर्जित गरेका चिकित्सकीय औषधि र लागुपदार्थसहित आठ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मोरङ, पथरी शनिश्चरे नगरपालिका-८ मङ्गलबारे, दाङको घोराही उपमहानगरपालिका-१४ स्थित न्यु मनकामना गेष्ट हाउस, कैलालीको धनगढी उपमहानगरपालिका-३ चटकपुर र कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ स्याउले चोकबाट उनीहरू पक्राउ परेका हुन् ।

यसैगरी, पथरी शनिश्चरे नगरपालिका-८ मङ्गलबारबाट मानबहादुर दर्जीसहित तीन, घोराही-१४ स्थित न्यु



मनकामना गेष्ट हाउसबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित दुई, धनगढी-३ चटकपुरबाट स्थानीय २३ वर्षीय अमन रानासहित दुई र कृष्णपुर-२ स्याउले चोकबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित २५ वर्षीय कुवेर शाहीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।रासस

# महिला र बालबालिकासम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्न आग्रह




काठमाण्डू । राष्ट्रिय मानव अधिकार आयोगले महिला र बालिकाको हक, अधिकारका सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेको छ ।

आयोगले महिला र बालबालिकासम्बन्धी प्रभावकारी कार्यान्वयन गर्न, समानता, सशक्तिकरण तथा सम्मानप्रति संवेदनशील भई महिला र बालिकाहरूलाई हिंसा, शोषण र भेदभावबाट संरक्षण गर्न आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले समान न्यायका लागि विद्यमान संरचनात्मक अवरोधहरू हटाउन, समाजका हानिकारक अभ्यासहरू र नकारात्मक सामाजिक मान्यतालाई निर्मूल गर्न सरकारलाई आयोगले आग्रह गरेको बताउनुभयो ।

"संवैधानिक, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनी व्यवस्थाले महिलाको अधिकार सुनिश्चित गरिए तापनि परम्परागत हानिकारक प्रचलनका कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढिरहेको छ", ११६औँ अन्तरराष्ट्रिय महिला दिवस (८ मार्च) का अवसरमा आज प्रेस विज्ञप्ति जारी गरी भनिएको छ, "घरेलु हिंसा, मानव बेचबिखन, बालविवाह, डिजिटल हिंसा, यौनहिंसा, बलात्कार, सामाजिक विभेद, आर्थिक असमानता, राजनीतिमा न्यून सहभागिता, दण्डहीनता र न्यायमा पहुँच हुन नसक्दा महिला र बालिकाको मानव अधिकार उपभोगमा चुनौती देखिएको छ ।"

आयोगले महिला तथा बालिकाको मानव अधिकार उल्लङ्घनका घटनामा निरन्तर अनुसन्धान र अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ । आयोगले बालविवाहले मानव अधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धमा राष्ट्रिय जाँचबुझ कार्यक्रम गर्नाका साथै एकल महिलाको अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्था र कार्यान्वयन पक्षको अनुगमन गरी प्रतिवेदन तयार गरिरहेको छ ।

आयोगको लैङ्गिक परीक्षण, अन्तरराष्ट्रिय लैङ्गिक सम्मेलन आयोजना, जबर्जस्ती करणी, छाउपडीलगायत विषयमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छ । महिला तथा बालिकाको मानव अधिकार उपभोगमा बाधा पुऱ्याउने नीतिनियम तथा कानुनहरूको सुधार सम्बन्धमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ ।

हरेक वर्ष मनाइँदै आएको अन्तरराष्ट्रिय महिला दिवस (मार्च ८) यसवर्ष 'सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने नारासहित विश्वभर मनाइएको छ । रासस

# महिलालाई समावेश गर्न आवश्यक छः प्रधानमन्त्री



काठमाण्डू । प्रधानमन्त्री सुशीला कार्कीले राज्यका नीतिनिर्माण तहमा महिलालाई ल्याउन आवश्यक भएको बताउनुभएको छ ।

एक सय सोह्रौँ अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा आइतवार प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रमा उहाँले समाजमा पछि परेका, विकासको मूलधारबाट वञ्चित महिला बढी प्रताडित हुनुपरेको बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "विशेषगरी दलित महिला, कर्णालीका महिला, मधेसका महिला तथा सीमान्तकृत समुदायका महिलाको आवाज राज्यका नीतिनिर्माण तहसम्म पुर्याउन अपरिहार्य भएको छ ।"

दलित, मधेस, कर्णालीलगायत सीमान्तकृत महिलाका अवस्थामा अझै सुधार नआएको उहाँले बताउनुभयो । महिलालगायत विकासको मूल धारबाट पछि परेको वर्गलाई मूल धारमा समाहित गर्ने तथा अवसर र स्रोतहरुमा पहुँच सुनिश्चित गर्नुपर्नेमा प्रधानमन्त्री कार्कीले जोड दिनुभयो । राष्ट्रनिर्माणमा प्रत्येक नागरिकको सम्मानयुक्त सहभागिता सुनिश्चित गर्नु नै लोकतन्त्रको मूलमन्त्र हुनुपर्ने उहाँको कथन थियो ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको मूल आवाज पनि समानता र सुशासनका निम्ति थियो भन्दै प्रधानमन्त्री कार्कीले अन्याय, विभेद र असमानता अन्त्य गर्न समाजका हरेक वर्गबाट सक्रिय सहयोग हुनुपर्नेमा जोड दिनुभयो ।

"हाम्रो संविधानले महिला अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ", उहाँले भन्नुभयो, "संविधानले नै समान प्रतिनिधित्व, समावेशी सहभागिता, लैङ्गिक समानता र सामाजिक न्यायलाई राज्य व्यवस्थाको आधारका रूपमा स्थापित गरेको छ ।" रासस

## छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु




काठमाडौं, २४ फागुनः देशका विभिन्न भागमा शनिबार र आइतबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौंको तारकेश्वर नगरपालिका-४, रौतहटको परोहा नगरपालिका-८, रौतहटको चन्द्रपुर नगरपालिका-१, धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ चिसापानी बजार र लमजुङको सुन्दरबजार नगरपालिका-७ कुमालटारमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एक/एक जनाको मृत्यु भएको हो ।

त्यस्तै सर्लाहीको हरिवन नगरपालिका-२ पाकरगाछीमा भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ । चितवनको कालिका नगरपालिका-९ दब्यटारस्थित सडकमा उर्पदानगढीबाट शक्तिखोरतर्फ आँउदै गरेको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोचालक राप्ती नगरपालिका-९ का पूर्ण विकसहित चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । रासस

# एकजना पनि घाइते नभएको यो चुनाव

काठमाण्डू । 'अब हुने निर्वाचन सुरक्षाका हिसाबले सबैभन्दा चुनौतीपूर्ण रहन्छ । माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि भएको २०६४ को निर्वाचनमा भन्दा अहिले प्रहरीको मनोबल गिरेको छ,' निर्वाचनको करिब एक महिनाअघि अनौपचारिक कुराकानीको क्रममा एक प्रहरी अधिकृतले भनेका थिए ।

यसको पछाडि अरू केही कारण नभएर जेनजी आन्दोलन रहेको उनले उल्लेख गरे । हतियार लुटिएका छन् । कैदीबन्दी फरार छन् । स्रोत-साधन छैन, बन्दोबस्तीको सामान छैन । सबैभन्दा चुनौतीको कुरा त प्रहरीको मनोबल उच्च हुन सकेको छैन । यिनै तर्कहरू ती प्रहरी अधिकृतले गरेका थिए ।

तर, प्रहरी तथा सुरक्षाकर्मी आफैंले सोचेभन्दा पनि शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न भएको छ । यस्तो अवस्थामा सम्पन्न भएको निर्वाचनलाई सुरक्षाका हिसाबले ऐतिहासिक मान्नुपर्ने नेपाल प्रहरीका पूर्वएआईजी उत्तमराज सुवेदीको तर्क छ ।

'पञ्चायतमा गरेका चुनावका पनि धेरै विषय सुनियो ।

३० वर्ष प्रहरीमा रहँदा आफैंले पनि चुनाव गराइयो । तर यस्तो जटिल अवस्थामा भएको यो चुनाव सुरक्षाका हिसाबले एकदमै सफल र ऐतिहासिक रह्यो,' सुवेदी भन्छन् ।

सुवेदीले भने जस्तै अहिलेको निर्वाचन सुरक्षाका हिसाबले एकदमै शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । अझ २०७९ मा भएको निर्वाचनको तुलनामा त यो निर्वाचन ऐतिहासिक नै रह्यो ।

यस निर्वाचनमा सुरक्षा अवस्था, झडपका घटनाहरू, मानवीय क्षति, मतदान व्यवस्थापन र समग्र निर्वाचन प्रक्रिया सञ्चालनका दृष्टिले उल्लेखनीय सुधार देखिएको छ ।



२०७९ को निर्वाचनका क्रममा देशका विभिन्न जिल्लामा राजनीतिक दलका कार्यकर्ता तथा समर्थकबीच थुप्रै झडपका घटनाहरू भएका थिए ।

जसका कारण कतिपय स्थानमा मतदान स्थगित गर्नुपर्ने अवस्थासमेत सिर्जना भएको थियो । सोही क्रममा बाजुरामा २ जना र कालिकोटमा २ जना गरी ४ जनाको मृत्यु नै भएको थियो । त्यतिबेला इलाम, सप्तरी, दोलखा, दाङ, नवलपरासी पश्चिम, हुम्ला, दार्चुला, ललितपुर, तनहुँ, म्याग्दी, खोटाङ र भोजपुरमा गरी २३ जना घाइते भएको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ ।

यस्तै, ताप्लेजुङ, इलाम, भोजपुर, उदयपुर, सिरहा, कास्की, नवलपरासी पश्चिम, दाङ, दैलेख, मुगु, दार्चुला लगायतका जिल्लामा विस्फोटक पदार्थ राखेर निर्वाचन प्रक्रिया बिथोल्ने प्रयास भएका थिए ।

ताप्लेजुङ, ओखलढुंगा, सप्तरी, चितवन, धादिङ, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, गोरखा, कास्की, तनहुँ, म्याग्दी, गुल्मी, अर्घाखाँची, रुकुम पश्चिम, सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, कालिकोट, जुम्ला, डोल्पा, कञ्चनपुर, डडेल्धुरा, दार्चुला, बझाङ, कैलाली र ललितपुरमा गरी ५० स्थानमा झडपका घटनाहरू भएका थिए ।

यसबाहेक, उदयपुर, दोलखा र सिन्धुपाल्चोकमा बुथ कब्जा हुनुका साथै देशभर ६२ मतदानस्थलमा निर्वाचन कार्य अवरुद्ध हुन पुगेको थियो ।

तर, अहिलेको निर्वाचनमा यी कुनै घटना दोहोरिन पाएनन् । दोलखाको मालुमा सामान्य विवाद भयो । जसका कारण प्रहरीले तीन राउन्ड हवाई फायर गर्नुपरेको थियो । केही समय रोकिएको मतदान शान्तिपूर्ण रूपमा पुनः सञ्चालन भएर सम्पन्न भयो । जबकि, अघिल्ला निर्वाचनहरूमा दोलखामा झडप हुनेदेखि ज्यानै जानेसम्मका घटनाहरू भएका थिए ।

अहिलेको निर्वाचनमा सुरक्षा व्यवस्थापन चुस्त, दुरुस्त र व्यवस्थित भएका कारण समग्र निर्वाचन प्रक्रिया शान्तिपूर्ण वातावरणमा सम्पन्न भयो ।

मतदान केन्द्रहरूमा सुरक्षाकर्मीको उपस्थितिलाई व्यवस्थित, सक्रिय र प्रभावकारी बनाइएपछि कुनै पनि स्थानमा ठूलो झडप वा हिंसात्मक घटना हुनबाट जोगिएको प्रहरी महानिरीक्षक दानबहादुर कार्की बताउँछन् ।

मतदानको क्रममा कतिपय स्थानमा सामान्य विवाद उत्पन्न भए पनि सुरक्षामा खटिएका प्रहरीले संयमित र प्रभावकारी रूपमा तत्कालै स्थिति नियन्त्रणमा लिएकाले मतदान प्रक्रिया सौहार्द्रपूर्ण वातावरणमा समयमै सम्पन्न भएको प्रहरीको बुझाइ छ । निर्वाचन सुरक्षाकै लागि भने सात वटै प्रदेशमा एआईजी परिचालन गरिएको थियो ।


नेपाली सेना, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, निर्वाचन प्रहरीको भूमिका पनि उल्लेख्य रह्यो । एक महिनाअघि २१ माघदेखि नै नेपाली सेना परिचालन गरेर परिस्थिति सामान्य बनाइँदै लगिएको थियो । विशेषगरी यो निर्वाचनमा सेनासँगको सहकार्य पनि उत्कृष्ट रहेको अन्य सुरक्षा निकायहरूले बताएका छन् । अनलाईनखबर

# शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न : अर्थमन्त्री खनाल

काठमाण्डू । अर्थमन्त्री रामेश्वर खनालले तोकिएको समयमा निर्वाचन हुन्छ वा हुँदैन भन्ने आशङ्काकाबीच निर्वाचन आयोगले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गरेकामा धन्यवाद दिँदै यसको सम्पूर्ण यश आयोगले पाउने बताउनुभएको छ ।

आज आयोगको कार्यालय बहादुर भवन पुगेर अर्थमन्त्री खनालले कुनै एक ठाउँमा पनि स्थगित नभई निर्वाचन सम्पन्न गरेकामा आयोगका पदाधिकारीलाई धन्यवाद दिनुभएको हो । जेनजी पुस्ताको आन्दोलनपछि मुलुक अशान्त भएको अवस्थामा पनि आयोगले दृढ इच्छाशक्तिले काम गरेर निर्वाचन सम्पन्न भएको बताउनुभयो ।

यसअघिको निर्वाचनका क्रममा ५१ स्थानमा स्थगित भई पुनः निर्वाचन भएको अर्थमन्त्री खनालले स्मरण गर्नुभयो । कैदीबन्दी फरार रहेकाले शान्तिपूर्ण रूपमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने आशङ्काबीच आयोगले बनाएको कार्यतालिकामा कुनै पनि सम्झौता नगरी काम भएको उहाँले उल्लेख गर्नुभयो ।



आयोगको प्रभावकारी कार्यतालिका र कामप्रतिको अठोटका कारण निर्वाचन सम्पन्न गराउन सकिएको अर्थमन्त्री खनालले बताउनुभयो । "लोकतन्त्रलाई बलियो बनाउन स्वच्छ रूपमा प्रतिस्पर्धा गर्नुपर्छ भन्ने भावनाको विकास गराउन पनि आयोग सफल भएको छ । एक स्थानमा पनि स्थगित नभई सफलतापूर्वक निर्वाचन सम्पन्न भएको छ, देशमा सुशासन कायम गराउने युवापुस्ताको माग निर्वाचनले सफल बनाएको छ", सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भन्नुभयो ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका घटनाका विषयमा छानबिन गर्न गठित आयोगले आज दिएको प्रतिवेदनका विषयमा यो सरकारले कार्यान्वयन गर्ने समय नहुने भएकाले मन्त्रिपरिषद्मा छलफल गरी सार्वजनिक गर्ने पहल गर्ने अर्थमन्त्री खनालले प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रतिवेदन कार्यान्वयनका लागि अब बन्ने सरकारले काम गर्ने उहाँको भनाइ छ । सो अवसरमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा पनि सहभागी हुनुहुन्थ्यो । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, सचिव कृष्णबहादुर राउतलगायत उच्च अधिकारीले मन्त्रीद्वयलाई मतगणनालगायत निर्वाचनका विषयमा जानकारी गराउनुभएको थियो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज जोशर उत्साह बढने दिन। रोकिएका काममा गति आउने छ। |
| वृष : | शुक्रबार तपाइका लागि सुखद दिन रहने छ। पारिवारिक सहयोग मिल्नेछ। |
| मिथुन : | सञ्चार र कुराकानीबाट फाइदा हुने दिन। नयाँ सम्झौता वा सहकार्यको अवसर। |
| कर्कट : | भावनात्मक विषयमा संवेदनशीलता बढ्न सक्छ। |
| सिंह : | काममा नयाँ चुनौती आउन सक्छ। सकारात्मक सोचले सफलता दिलाउनेछ। |
| कन्या : | संकल्प र मेहनतले काम अघि बढ्नेछ। |
| तुला : | साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ। |
| वृश्चिक : | मनमा उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ। |
| धनु : | नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ। साथीभाईसंग राम्रो समय बित्नेछ। |
| मकर : | परिश्रमले सम्मान दिलाउने दिन हो। काममा प्रगति देखिनेछ। |
| कुम्भः | सृजनात्मक सोच बढ्नेछ। सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो। |
| मीन : | शान्त र सकारात्मक दिन हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




महिला समानताका लागि सञ्चार अभियानद्वारा सञ्चालित सामुदायिक रेडियो मुक्तिले ११६औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आइतबार बुटवलमा आयोजना गरेको महिला सशक्तिकरणका लागि २५ सय मिटर खुला महिला दौड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनुभएका महिलाहरूातस्बिर : *सुमित्रा चापागाईं(अधिकारी)/रासस*

# २६ वर्षमै सांसद बने केपी

**टुडे समाचारदाता**

धनगढी । कैलालीको निर्वाचन क्षेत्र नम्बर २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका केपी खनाल २६ वर्ष मै प्रतिनिधि सभामा छिर्न सफल भएका छन । उनले १९ हजार ५७ मत प्राप्त गरे ।



कान्छो सामाजिक अभियन्ताका रूपमा चर्चा बटुलिसकेका खनाल अब संसदमा देखिने छन् । उनी २०५६ साल पुस २७ गते अछामको रामारोशन गाउँपालिका, बाटलासेनमा जन्मिएका हुन् ।

बुवा धनीराम खनाल र आमा मनिषा खनालको कोखबाट जेठो छोराका रूपमा जन्मिएका उनी सानैमा परिवारसहित कैलालीको लम्की बसाइँ सरे ।

स्कुल पढ्दादेखि नै केपीको स्वभाव अलि फरक थियो । कक्षा ६ मा पढ्दादेखि नै उनी रेडियोमा बोल्न थालेका थिए । १३ वर्षको कलिलो उमेरमा उनले लम्कीको सामुदायिक रेडियोमा बाल बहस नामक कार्यक्रम चलाउँथे । बालबालिकाकाअधिकाररसमस्याबारे रेडियोमा बोल्ने त्यो सानो केटो एक दिन देशको संसदमा बोल्नेछ भन्ने सायदै कसैले सोचेका थिए ।

माध्यमिक तह पास गरेपछि गरिबीले उनलाई भारत पस्न बाध्य बनायो । उनी रोजगारीका लागि भारतको मुम्बई हानिए । ' त्यो बेला एसएलसी सकेपछि म २-३ महिना मुम्बईको मीरा रोडमा बसैं,' उनले भने, 'मैलैं त्यहाँको एउटा होटलमा काम गरैं । भाँडा माझैं, मजदुरी गरैं । त्यो मेरो जीवनको एउटा ठुलो पाठ थियो,' उनले भने ।

आफ्नै उमेरका भारतीय युवाहरू कलेज गइरहँदा आफूचाहिँ अर्काको देशमा पसिना बगाउनु परेको पीडाले उनलाई घोचिरह्यो । आखिर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने हुटहुटीले उनी नेपाल फर्किए ।

नेपाल फर्केर प्लस टु पढ्दै गर्दा उनमा सामाजिक कामको भोक जागिसकेको थियो । २०७२ सालको भूकम्प, देशमा नाकाबन्दीमा खनाल सामाजिक अभियानमा सक्रिय भएर लाग्न थाले । त्यसपछि उनी उच्च शिक्षाका लागि काठमाडौँ छिरे ।

काठमाडौँको धुलो र फोहोर देखेर दिक्क भएका केपीले अरूलाई गाली गर्नुको साटो आफैँ कुचो उठाउने निधो गरे । १७ वर्षको उमेरमा उनले सुरु गरे 'क्लिन काष्ठमण्डप' अभियान । नारा थियो- 'म बदलिन्छु, अनि मेरो देश बदलिन्छ ।'

केपीले भने, 'हामी सुदूरपश्चिमबाट काठमाडौँ जाने भनेको ठुलो सपना बोकेर हो । त्यहाँको फोहोर देखेपछि लाग्यो, अरूलाई भन्नुभन्दा आफैँ सफा गर्नुपर्छ ।'

सुरुमा मान्छेहरूले उनलाई पागल भने । 'कलिलो उमेरको केटोले झाडु लगाएर काठमाडौँ सफा हुन्छ र ?' भन्दै खिसी गरे । ती वाक्यले आफू नरोकिएको केपी बताउँछन्।तत्कालीनमन्त्रीलालबाबु पण्डितदेखि काठमाडौँका मेयरसम्मलाई सडकमा उतारेर उनले १ हजार ७ सय मानिसको सहभागितामा काठमाडौँको तीनकुनेदेखि माइतीघरसम्म सरसफाइ अभियान चलाए । यो अभियान काठमाडौँमा मात्र सीमित भएन, देशैभर फैलिएको उनी बताउँछन् ।

सामाजिक सञ्जालमा भाइरल भएका केपी बिस्तारै ' कान्छो सामाजिक अभियन्ता' का रूपमा चिनिन थाले । उनी सरसफाइ अभियानमा मात्र सीमित भएनन् । उनले सुदूरपश्चिमको विकट बाजुरा जिल्लाको पीडालाई नजिकबाट महसुस गरेका थिए । बाजुराको बुढीगंगामा रहेका अनाथ बालबालिकाको विजोग देखेर उनको मन पोल्यो । उनले सोचे- यिनका लागि घर बनाउँछु ।

एक त विद्यार्थी, आफ्नै कमाइ थिएन, उसले बालगृह बनाउने आँट गर्नु सम्भवको कुरा पनि थिएन । उनले सामाजिक सञ्जालमार्फत सहयोगको अपिल गरे । देश-विदेशमा रहेका नेपालीले केपीको इमानदारितामाथि विश्वास गरे । हेर्दाहेर्दै ५० लाख रुपैयाँ जुट्यो ।

'त्यो बेला १९ जनाभन्दा बढी अनाथ बालबालिका थिए,' केपीले भने, 'हामीले एक वर्षभित्रै ४ वटा ब्लक भएको भवन ठड्यायौँ र नायक राजेश हमालको हातबाट साँचो हस्तान्तरण गर्‍यौँ ।'

कन्सर्न बाजुरा नामको त्यो संस्था अहिले दर्जनौँ अनाथ बालबालिकाको सुरक्षित ओत बनेको छ । त्यहाँ उनीहरूले गाँस, बास र कपाससँगै शिक्षा र स्नेह पनि पाइरहेको खनालले जानकारी दिए ।

कोभिड-१९ को महामारीमा पनि केपी घरभित्र लुकेनन् । 'हेल्प फर निडी' अभियान चलाएर उनी भोकाहरूको पेट भर्न निस्किए । कैलाली र अछामका अस्पतालमा बिरामी कुरुवालाई खाना खुवाउनेदेखि विपन्न २० परिवारका लागि शौचालय बनाइदिनेसम्मका काम उनले गरे । अक्सिजन सिलिण्डर बोकेर बिरामीको घर-घर पुगे ।

सानो उमेरमा लोभलाग्दो काम गरेको भन्दै केपीको चर्चा अन्तर्राष्ट्रिय स्तरसम्म पुग्यो । उनले थाइल्याण्डमा 'इन्टरनेसनल एचिभमेन्ट अवार्ड २०२४' अन्तर्गत युथ एचिभर अवार्ड प्राप्त गरे । त्यस्तै, भारतमा महात्मा गान्धीको १५१औँ जयन्तीका अवसरमा 'युथ आइकन अवार्ड' बाट सम्मानित भए ।

त्रिविबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गर्दै गरेका केपी पढाइ र राजनीतिलाई सँगसँगै लैजाने योजनामा छन् । उनी संसदमा युवाको आवाजमात्र होइन, आफूजस्तै गरिब समुदायको सपना बोकेर बोल्नेछन् ।

उनका बुवा-आमा अहिले पनि भारतमा रोजगारी गरेर फर्किएका कामदार हुन् । 'मेरा बुवा-आमा १५-१६ वर्ष भारतमा बस्नुभयो । उहाँहरूको पसिनाको मूल्य मलाई थाहा छ,' केपीले भने । संसदमा उनी शिक्षा, स्वास्थ्य र युवा रोजगारीका विषयमा खरो उत्रने तयारीमा छन् । सुदूरपश्चिमको विकास र त्यहाँका जनताको जीवनस्तर उकास्नु आफ्नो मुख्य उद्देश्य रहेको उनी बताउँछन् ।

# हर्कले कोशीमा जोगाए साख



विराटनगर । आफ्नो पाँच वर्षे कार्यकाल बिचमै छाडेर संघीय सांसद बन्न तम्सिएका कोशी प्रदेशका १ जना प्रदेश सांसद र पालिका प्रमुखहरूमध्ये हर्कराज राईबाहेक अरू प्रतिनिधिसभा निर्वाचनमा पराजित बनेका छन् ।

सुनसरी-१ मा भने हर्कराज राई विजयी बनेका छन् । उनी धरान उपमहानगरपालिकाका प्रमुख थिए । त्यहाँबाट राजीनामा दिएर उनी संघीय संसद लडेका थिए ।

फागुन २१ गते सम्पन्न निर्वाचनको अन्तिम मत परिणाममा उनी ३५ हजार ७४१ मत ल्याएर विजयी बनेका हुन् । उनको निकटतम प्रतिस्पर्धी रास्वपाकी गोमा तामाङले २७ हजार २४९ मत ल्याएकी छिन् । तेस्रो स्थानमा नेकपा एमालेका टिकाराम लिम्बू भएका छन् । लिम्बूले ६ हजार ४६३ मत ल्याएका छन् । वडाध्यक्षबाट राजीनामा दिएर नेकपाबाट उम्मेदवारी दिएका सूर्यबहादुर भट्टराईले भने ६ हजार १८५ मत मात्रै ल्याए ।

कोशी प्रदेश सांसद पद छोडेर झापा ४ बाट उम्मेदवार बनेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का भक्ति प्रसाद सिटौलाले लज्जास्पद पराजय व्यहोरे । उनले जमानत जोगाउन सकेनन् । सिटौलाले २ हजार ८० मत ल्याएर पाँचौं बन्दा विजेता रास्वपाका शम्भुप्रसाद ढकालले ४३ हजार ६३१ मत ल्याए ।

यस्तै पालिका छोडेर सांसद बन्न तम्सिएका मोरङ रंगेलीका प्रमुख दिलिपकुमार अग्रवाल, इलाम सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राई, सोलुखुम्बु थुलुङ दूधकोशीका अध्यक्ष असिम राई, उदयपुर लिम्चिङबुङका अध्यक्ष मेजर राई र ओखलढुङ्गा लिखु पिके गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि पराजित बने । यस्तै धरान १७ नम्बरको वडाध्यक्ष पद छोडेर संघीय संसद बन्न तम्सिएका सूर्यबहादुर भट्टराई (मनोज) पनि पराजित बने ।

रंगेलीका प्रमुख अग्रवाल मोरङ निर्वाचन क्षेत्र नम्बर २ बाट एमालेका उम्मेदवार बनेका थिए । अग्रवालले १५ हजार ६२४ मत ल्याएर दोस्रो भए । विजयी रास्वपाका उम्मेदवार कृष्णकुमार कार्कीले भने ४० हजार ९२४ मत ल्याए ।

यस्तै इलामको क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिस्ट पार्टीको उम्मेदवार बनेका रणबहादुर राई पाँचौं स्थानमा छन् । त्यहाँ एमालेका उम्मेदवार काजीमान कागतेले अग्रता लिएका छन् । दोस्रो नम्बरमा श्रम संस्कृति पार्टी छ । अन्तिम परिणाम आउँदासम्म रणबहादुर राईले जित निकाल्न सक्ने अवस्था देखिँदैन ।


यस्तै सोलुखुम्बुबाट नेपाली कम्युनिस्ट पार्टीको उम्मेदवार बनेका असिम राई दोस्रो स्थान बनाउन सफल भए । त्यहाँ काँग्रेसका प्रकाश सिंह कार्की १३ हजार १६६ मत ल्याएर विजयी हुँदा राईले ९ हजार ४१४ मत मात्रै ल्याउन सके । रासस

# प्रमुख दल रहेका अबै ५ वर्ष सत्ता बाहिरै

**टुडे समाचारदाता**

काठमाण्डू । फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको अन्तिम परिणाम आउने क्रमसँगै नयाँ प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दल र संसदीय अङ्कगणित कस्तो रहन्छ भन्ने खाका आइसकेको छ ।





पछिल्लो जनादेशले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई झन्डै दुई तिहाइ बहुमतको सरकार बनाउने म्याण्डेट प्रदानमात्रै गरेन, ३४ वर्षदेखि आलोपालो सरकार बनाउँदै आएका पुराना दलको ट्याग भिरेका नेपाली कांग्रेस र नेकपा एमालेलाई आगामी ५ वर्षसम्म सत्तामा पुग्ने ढोका पूरै बन्द भएको छ ।

निर्वाचन परिणामले संसदमा पुराना दलरूको उपस्थिति घटाइदिएको छ । प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना परिणामले अबको संसदमा पार्टीहरूको संख्या विगतको तुलनामा आधाले घट्ने निश्चितजस्तै भएको छ ।

नयाँ गठन हुने प्रतिनिधि सभामा बढीमा ६ दलको मात्रै उपस्थिति रहने दलहरूले ल्याएको मतबाट सहजै बुझ्न सकिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) करिब दुई तिहाइ संख्याको बहुमतसहित पहिलो दल बन्दा नेपाली कांग्रेस दोस्रो र नेकपा एमाले तेस्रो दल बन्ने लाइनमा छन् । दोस्रो, तेस्रो र चौथो स्थानमा रहेका दलहरू पहिलाको तुलनामा आकारले निकै तल पुगेका छन् ।

कुनै समय सबैभन्दा ठुलो दलको नेता बनेका पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) हाल चौथो दल बन्ने तय भएको छ । यस्तै श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मध्येबाटै पाँचौँ र छैटौँ दल बन्ने देखिएको छ । श्रम संस्कृति पार्टी जेनजी आन्दोलनपछि गठन भएको राजनीतिक दल हो भने राप्रपा पुरानै (राजासंस्था) पक्षधर पार्टी हो ।

२०७९ सालको निर्वाचनबाट गठित प्रतिनिधि सभामा १२ वटा दलको प्रतिनिधित्व थियो । कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपा, राप्रपा, जनता समाजवादी पार्टी (जसपा) नेपाल, एकीकृत समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चाले प्रतिनिधि सभामा प्रतिनिधित्व गरेका थिए । तर, यसपटक मतदाताले यसअघि ठुला भनिएका र क्षेत्रीय पकड बनाएका दलहरूलाई समेत पाखा लगाउँदै ३ वर्ष अघिमात्र गठन भएको रास्वपामाथि अत्यधिक जनमत खन्याएर सबैभन्दा ठुलो पार्टी बनाइदिएका छन् । यस्तो जनमत पाएसँगै रास्वपालाई अब सरकार बनाउन र आफ्नो घोषणापत्र अनुसार काम गर्न कुनै पनि दलको सहयोग आवश्यक पर्ने छैन ।

यसअघि सरकार बनाउनै दुईभन्दा बढी दल आवश्यक पर्ने हुँदा सरकार बन्ने र ढाल्ने खेल निरन्तर चलिरह्यो । यो खेलमा दलहरू अल्मलिँदा सुशासन र जनताको सरोकारका विषय ओझेलमा पर्दै आएका थिए । जेनजी आन्दोलनपछि भएको निर्वाचनको मतपरिणामले कम्तीमा यो रोगबाट रास्वपालाई मुक्त तुल्याइदिएको छ । यद्यपि यसअघि एकल बहुमतकै सरकार पनि विभिन्न कारणले पाँच वर्ष नटिकेको उदाहरण भने बिर्सन मिल्दैन ।

२०४८ सालपछि कांग्रेस-एमाले र २०६२/०६३ को आन्दोलनपछि कांग्रेस, एमाले र माओवादीले सरकारको नेतृत्व सम्हाल्दै आएका थिए ।

तीन दलको नेतृत्वमा बनेका सरकारमा अन्य साना तथा क्षेत्रीय (मधेसवादी) दलहरू समेत पटकपटक सरकारमा जाने मौका पाएका थिए । तर, अबको नयाँ संसदमा प्रतिनिधित्व गर्ने दलहरूको आकारले राजनीतिक 'नाङ्ले पसल' खोल्दै च्याखे दाउँमा बसेर सरकारमा पुगिहाल्ने प्रवृत्तिको समेत अन्त्य हुने देखाएको छ ।

# कोशीका एक दर्जन दिग्गज नेताहरु पराजित

**टुडे समाचारदाता**

विराटनगर । सम्पन्न प्रतिनिधिसभामा कोशी प्रदेशका एक दर्जनभन्दा बढी पुराना दिग्गज नेताहरु पराजय भएका छन् । कोशीका विभिन्न निर्वाचन क्षेत्रहरूमा दशकौँदेखि नेपाली राजनीतिमा हालीमुहाली गरिरहेका नेताहरू यस पटक पनि चुनावी प्रतिस्पर्धामा थिए ।



एमालेका अध्यक्ष केपी शर्मा ओलीदेखि नेपाली कांग्रेसका विजयकुमार गच्छदारसम्मका पुराना अनुहारहरू पटक-पटक दोहोरिँदै चुनावी मैदानमा उत्रिए पनि उनीहरु यस पटक रास्वपा र श्रम संस्कृति पार्टीका उम्मेदवार सामु निरीह बने ।

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा-५ बाट पराजित बने । २०४८ सालदेखि संसदीय राजनीतिमा सक्रिय ओलीले २०४८, २०५१, २०५६ र २०७४ का निर्वाचनमा सानदार जित हासिल गरेका थिए । २०५६ को निर्वाचनमा त उनले दुईवटा निर्वाचन क्षेत्रबाट जित निकालेका थिए ।

यद्यपि, २०६४ को पहिलो संविधानसभा निर्वाचनमा उनले पराजय व्यहोरे । २०८२ मा फेरि उनले पराजयको स्वाद चाखेका छन् । उनलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले लज्जास्पद पराजित गरे ।

उता, सुनसरी-३ मा नेपाली कांग्रेसले फेरि पनि विजयकुमार गच्छदारको पनि यस अन्तिम पटक संसद् पुग्ने धोको पुरा भएन । २०४८ सालदेखि निरन्तर यसै क्षेत्रबाट चुनाव लड्दै आएका गच्छदारको यो आठौँ चुनावी प्रतिस्पर्धामा पराजित बनेका हुन् ।

गच्छदारले विगतमा सुनसरी-२ बाट समेत दुईपटक जित दर्ता गराइसकेका छन् । उनलाई २०७९ सालको निर्वाचनमा एमालेकी भगवती चौधरीले पराजित गरेकी थिइन् । यस पटक पनि गच्छदारलाई रास्वपाका अशोक चौधरीले पराजित गरेका छन् ।

सुनसरी क्षेत्र नम्बर ४ मा एमालेले अनुभवी नेता जगदीशप्रसाद कुसियत पनि यस पटक पराजित बन्ने अवस्थामा छन् । यद्यपि अझै परिणाम आइसकेको छैन । त्यहाँ रास्वपाका उम्मेदवार निक्कै अगाडि छन् । उनी पनि आठौँ पटक चुनावी मैदानमा होमिएका थिए ।

विद्यार्थी राजनीतिबाट कम्युनिस्ट आन्दोलनमा आएका कुसियतको चुनावी यात्रा निकै उतारचढावपूर्ण छ । २०५१ मा गिरिजाप्रसाद कोइरालासँग पराजित भएका उनी २०५३ को उपनिर्वाचनमा विजयी भएका थिए । २०७४ मा प्रदेशसभा सदस्य जितेर मन्त्री बनेका कुसियत २०७९ को प्रतिनिधिसभा निर्वाचनमा भने कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीसँग झिनो मतान्तरले पराजित भएका थिए ।

यसपटक उनी रास्वपाका दीपककुमार साहसँग पराजित बने ।

उता, पूर्वमुख्यमन्त्री एवं एमाले सचिव शेरधन राई भोजपुरबाट छैटौँ पटक चुनावी मैदानमा थिए । २०५६ सालमा मुलुककै कान्छो सांसद बनेर चर्चामा आएका राई २०७० मा पुनः निर्वाचित भएर सञ्चार मन्त्री बनेका थिए ।

२०७४ मा कोशी प्रदेशको पहिलो मुख्यमन्त्री बनेर इतिहास रचेका राई २०७९ को प्रतिनिधिसभा निर्वाचनमा भने पराजित भएका थिए । चुनावी नतिजामा धक्का लागे पनि पार्टीको आन्तरिक राजनीतिमा शक्तिशाली बन्दै उनी अहिले एमालेको केन्द्रीय सचिवको जिम्मेवारीमा छन् । यस पटक उनी आफ्नै विगतका कार्यकर्ता रहेका श्रम संस्कृति पार्टीका उम्मेदवार ध्रुवराज राईले पराजित गरे ।

यस्तै कांग्रेसका प्रभावशाली नेता डा. शेखर कोइराला मोरङ ६ बाट यस पटक फेरि पराजित भएका छन् । कोइराला पहिलो पटक २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन मधेसी जनअधिकार फोरमका उम्मेदवार विजय गच्छदारसँग पराजित भएका थिए । कोइराला ०६५ सालको उपनिर्वाचनमा भने विजयी बने ।

२०७० सालको दोस्रो संविधानसभामा विजयी बनेका कोइराला २०७४ सालमा भने फेरि एमालेका लालबाबु पण्डितसँग पराजित भए । २०७९ सालमा सोही निर्वाचन क्षेत्रबाट विजयी बनेका कोइराला यस पटक भने रास्वपाकी उम्मेदवार रुविना आचार्यसँग भार मतले पराजित बने ।

मोरङ क्षेत्र नम्बर ५ बाट उम्मेदवार बनेका

> यद्यपि, २०६४ को पहिलो संविधानसभा निर्वाचनमा उनले पराजय व्यहोरे । २०८२ मा फेरि उनले पराजयको स्वाद चाखेका छन् । उनलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले लज्जास्पद पराजित गरे ।

नेकपाका नेता शिवकुमार मण्डल २०६३ सालको अन्तरिम संसद्का सदस्य पनि हुन् । उनले ६४ सालको पहिलो संविधानसभा निर्वाचन, ६५ सालको उपनिर्वाचनमा पराजय व्यहोरे । ७० साल, ७४ सालमा विजयी बनेका मण्डल ७९ सालको निर्वाचनमा भने स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डलसँग पराजित बने थिए । अहिलेको निर्वाचनमा मण्डल निकटतम प्रतिस्पर्धी पनि बन्न सकेनन् । सो क्षेत्रबाट रास्वपाकी आशा झाले भारी मतान्तरले विजयी भइन् ।


कोशी प्रदेशका अन्य क्षेत्रहरूमा पनि पुराना उम्मेदवारहरू मुख्य पार्टीबाट प्रतिस्पर्धामा छन् । मोरङ-१ मा एमालेका घनश्याम खतिवडा पुरानै प्रतिस्पर्धी हुन् । संविधानसभा सदस्य समेत रहेका उनी ७९ सालको निर्वाचनमा पराजित बनेका थिए । यस पटक उनी पनि जितको खोजीमा थिए । तर, उनलाई रास्वपाका यज्ञमणि न्यौपानेले पराजित गरे ।

यस्तै अन्तरिम संसद् हुँदै संविधानसभा सदस्य बनेकी झापा-२ की धर्मशीला चापागाईं यस पटक प्रतिस्पर्धामै आउन सकिनन् । सो क्षेत्रबाट रास्वपाकी उम्मेदवार इन्दिरा राना मगर विजयी बनिन् ।

झापा ३ का उम्मेदवार राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, एमालेका हरिबहादुर राजवंशी र झापा ४ बाट उम्मेदवार बनेका एलपी साँवा जस्ता पुराना संविधानसभा सदस्यहरू पनि चुनावी प्रतिस्पर्धामा आउन सकेनन् । झापा ३ मा रास्वपाका प्रकाश पाठकले जित निकाल्दा झापा ४ मा पनि रास्वपाकै शम्भुप्रसाद ढकाल विजयी बने ।

उता, मोरङ-२ बाट डा. मिनेन्द्र रिजाल, मोरङ ४ बाट अमनलाल मोदी, सुनसरी-२ बाट रामकुमारी चौधरी, खोटाङका हरि रोका पनि संविधानसभा सदस्य हुन् । उनीहरूको संसद् जाने प्रयास यस पटक सफल भएन । मोरङ २ मा रास्वपाका कृष्ण कार्की, मोरङ ४ मा रास्वपाकै सन्तोष राजवंशी, सुनसरी २ मा रास्वपाकै लालविक्रम थापा विजयउन्मुख रहँदा, खोटाङमा श्रम संस्कृति पार्टीका आरेन राई विजयी बने ।

उता उदयपुर २ बाट उम्मेदवार बनेका संविधानसभा सदस्य सुरेशकुमार राई पनि यस पटक प्रतिस्पर्धामै आएनन् । सो क्षेत्रमा रास्वपाका सूर्यबहादुर तामाङ विजयी बन्दा राई चौथो स्थानमा रहे ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशी दल संकटमा

नेपालमा सम्पन्न प्रतिनिधि सभाको चुनावमा तराई मधेश केन्द्रित दलहरुको पत्ता साफ भएको छ । तराई मधेशका प्रभावशाली नेतामा गनिनेहरु सबै पराजित भएका छन् । तराई मधेश केन्द्रित दलहरु जनता समाजवादी पार्टी(जसपा) नेपाल, राष्ट्रिय मुक्ति पार्टी, जनमत पार्टीलगायतले चुनावमा एउटै सिट जित्न सकेन । प्रत्यक्षतर्फ एक सिट पनि जित्न नसकेका दलहरु राष्ट्रिय दलको मान्यता समेत गुमाएका छन् । संघीय संसदमा पहुँच बनाउन असफल भएका दलहरु संकटमा परेका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेता शरतसिंह भण्डारी, जनमत पार्टीका अध्यक्ष सीके राउत, उनका दाजु , राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोलगायतका नेताहरु नराम्ररी पराजित भएका छन् । उनीहरु सबैलाई राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का उम्मेदवारहरुले पराजित गरेका छन् । हरेक चुनावमा क्षेत्र बदल्ने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले यसपटक पनि त्यो रणनीति बनाएका थिए । तर उनी क्षेत्र बदल्दा पनि जित निकाल्न सकेनन् । मधेश प्रदेशको ३२ स्थान मध्ये ३० स्थानमा रास्वपाले भारी मतान्तरले जित निकालेको छ । मधेश प्रदेशमा नै मधेश केन्द्रित दलहरुको एउटै सिट नआउनु गम्भीर विषय हो । मधेश केन्द्रित दलहरुप्रति मधेशी मतदाताले नै विश्वास गरेनन् । मधेशी नेताहरुले कल्पना गरेको भन्दा धेरै पर रहेको एजेण्डालाई रास्वपाले मधेशमा स्थापित गर्न भारी सफलता पाए । रास्वपाले विकासको भन्दा मधेशीको छोरालाई प्रधानमन्त्री बनाउने र भ्रष्टाचारमुक्त शासन दिने प्रतिबद्धता सार्वजनिक गर्ने बित्तिकै मधेशी मतदाताहरुले विश्वास गरे । मधेशी पनि नेपालको प्रधानमन्त्री बन्ने कल्पना पुराना ठूला दलका नेता र मधेश समेतका नेताहरुले चिताएका थिएनन् । रास्वपाको अनहोनी एजेण्डाले परिणाम पनि अनहोनी नै दियो । चुनावको परिणामले मधेशका नेताहरुलाई आफ्नो व्यक्तिगत व्यवहार, जनताप्रतिको उत्तरदायित्व, फराकिलो सोच लगायतका कयौं विषयमा तत्काल परिवर्तन गर्नुपर्ने देखिन्छ । चम्चा प्रवृत्तिलाई प्रोत्साहित गरी रमाउने नेताहरुले चुनावको परिणामबाट शिक्षा लिन आवश्यक छ । दुई कार्यकाल मधेश प्रदेशमा सत्तामा रहेका मधेशी दलका नेताहरुले मधेशी मतदाताहरुको चाहनाको पहिचान गर्न असफल भए । मधेश र मधेशीको भावनालाई बुझ्न नसकेका नेताहरु पराजित भएका छन् । भ्रष्टाचार, कुशासन विरुद्ध देशभरि नै चलेको परिवर्तनको लहरबाट मधेश प्रदेश अलग रहने विषय नै थिएन । मधेश प्रदेशमा देखिएका बेथिति, भ्रष्टाचारलगायतका विषयलाई नै रास्वपाले चुनावमा उठाए । ठूला दलका नेताहरुले पटक पटक निर्वाचित भए पनि गर्न नसकेका कामहरुलाई सशक्त रुपमा उठाएको रास्वपाले सफलता हासिल गरे । जनभावना विपरीत कमिसन र घुसखोरीमा लागेका नेताहरुबाट मधेशी मतदाताहरुले पनि मुक्ती चाहेका थिए । विदेशिन बाध्य मधेशीहरुलाई स्वदेशमै रोजगारीको अवसर सृजना गरिने आशाले पनि चुनावको परिणाममा ठूलो असर पारेको छ । निर्वाचन परिणामले मधेशी दलहरुको अस्तित्व नै संकटमा परेको छ ।

## अन्तराष्ट्रिय नारी दिवसः

# कहाँ पुग्यो महिला अधिकार ?



● डा. केदार कार्की

अन्तर्राष्ट्रिय महिला दिवस मार्च ८ मा मनाइयो। २०२६ को विषयवस्तु "अधिकार र न्याय, साथै प्रत्येक महिला र केटीको सशक्तिकरणको लागि वास्तविक कार्य" मा केन्द्रित छ। विश्वभर "गिभ टु गेन" अभियानले लैङ्गिक समानताको लागि पारस्परिक सहयोग र उदारताको महत्त्वलाई जोड दिन्छ। परिवर्तन विरलै एक झलकको साथ आउँछ। प्रायः, यो मौन संकल्पमा आधारित हुन्छ - परिस्थितिले हामीमाथि लगाएको सीमिततालाई स्वीकार गर्न स्पष्ट अस्वीकार। महिला अधिकारको यात्रा पनि त्यस्तै तरिकाले अगाडि बढ्यो। औद्योगिक परिसरदेखि सामुदायिक भेला र सार्वजनिक मञ्चहरूमा, उठाइएका आवाजहरू केवल विरोधको नारा मात्र थिएनन्, तर उज्ज्वल भविष्यको लागि प्रतिज्ञाहरू थिए।

अन्तर्राष्ट्रिय महिला दिवस सबैको सामूहिक प्रयास, सामूहिक कार्य र लैङ्गिक समानताको लागि साझा स्वामित्वबाट संचालित हुन्छ। ग्लोरिया स्टाइनम (विश्व प्रसिद्ध नारीवादी, पत्रकार र कार्यकर्ता) ले एक पटक व्याख्या गरेकी थिइन्, "समानताको लागि महिला संघर्षको कथा कुनै एक नारीवादीको कथा होइन, न त कुनै एक संस्थाको, तर मानव अधिकारको ख्याल राख्ने सबैको सामूहिक प्रयासको कथा हो।" त्यसैले, अन्तर्राष्ट्रिय महिला दिवसलाई आफ्नो दिन बनाउनुहोस् र महिलाहरूको लागि साँच्चै सकारात्मक परिवर्तन ल्याउन सक्ने केही गर्नुहोस्। महिला उपलब्धिहरू मनाउनुहोस्। पूर्वाग्रह विरुद्ध जागरूकता बढाउनुहोस् र समानताको लागि अभियान चलाउनुहोस्।

महिला अधिकार भनेको ती अधिकारहरू हुन् जुन प्रत्येक महिला र केटीलाई विश्वव्यापी समाजमा मान्यता प्राप्त जन्मसिद्ध अधिकार छ, र तिनीहरू १९ औं शताब्दीमा महिला अधिकार आन्दोलन र २० औं र २१ औं शताब्दीभरि नारीवादी आन्दोलनहरूको जग बनेका छन्। केही देशहरूमा, यी अधिकारहरू कानून, स्थानीय चलन र अभ्यासद्वारा संस्थागत वा समर्थित छन्, जबकि अरूमा, तिनीहरूलाई बेवास्ता र दबाइन्छ। पुरुष र केटाहरूको पक्षमा महिला र केटीहरूले अधिकारको प्रयोग विरुद्धमा अन्तर्निहित ऐतिहासिक र परम्परागत पूर्वाग्रहको दावी मार्फत तिनीहरू मानव अधिकारको व्यापक अवधारणाहरू भन्दा फरक छन्। महिला अधिकारको अवधारणासँग सामान्यतया सम्बन्धित मुद्दाहरूमा शारीरिक अखण्डता र स्वायत्तताको अधिकार, शारीरिक हिंसाबाट मुक्त हुने, यौन हिंसाबाट मुक्त हुने, मतदान गर्ने, सार्वजनिक पद धारण गर्ने, कानुनी सम्झौतामा प्रवेश गर्ने, पारिवारिक कानूनमा समान अधिकार, काम गर्ने, उचित ज्याला वा समान तलब, प्रजनन अधिकार, सम्पत्तिको स्वामित्व र शिक्षा समावेश छन्।

जमिन तथा उत्पादनका साधनमा महिलाको समान स्वामित्व, उत्पादनमा बराबरी सहभागिता र उपभोगमा बराबरीको ग्यारेन्टी भन्ने धारणाका साथ प्रत्येक बर्ष विश्वभर नारी दिवस मनाउन लागिएको हो । अन्तराष्ट्रिय नारी दिवस के हो ? भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ ? यो कसरी विश्वभर मनाउन लागिएको हो ? भन्ने कुरा कौतुहल्ताको विषय बनेको छ । महिला मुक्तिका लागि नारीहरले गरेको संघर्षको सम्झनामा हरेक वर्ष मार्च ८ अर्थात फागुन २४ गते अन्तराष्ट्रिय श्रमिक नारी दिवस मनाउदै आईरहेका छन् । सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको समाजवादी श्रमिक महिलाहरुको दोस्रो अन्तराष्ट्रिय सम्मेलनपछि यो दिवस मनाउन थालिएको हो ।

सन् १९०९ मा पहिलो पटक अमेरिकाको न्युयोर्कमा कपडा कारखानामा काम गर्ने महिलाहरुको आफुमाथि श्रम शोषण दमन र अत्याचार भएको महसुस गरे । आफ्नो काम गर्ने समय बढेको कारणले गर्दा, उनीहरूले अन्याय सहन सडक आन्दोलन सुरु गरे। दुई वर्ष पछि, १९११ मा, अन्तर्राष्ट्रिय समाजवादी समूहले महिला अधिकार आन्दोलनलाई समर्थन गर्‍यो, जसमा १७ देशका १०० महिलाले भाग लिए। त्यस्तै, १९११ मा, पहिलो फिल्म अस्ट्रिया, जर्मनी र स्विट्जरल्याण्ड जस्ता देशहरूमा भव्य रूपमा मनाइएको थियो। वास्तवमा, हामीले महिला दिवस किन मनाउने? हामीले कसलाई मनाउने? महिला दिवसको महत्त्व र आवश्यकता के हो? आधा आकाश ढाकेका नारी जातीहरुका लागि नारी दिवस अत्यन्त महत्वपूर्ण दिन हो ।

महिलाको अधिकार स्थापित गर्न र सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र दृष्टिकोणका सबै क्षेत्रमा बहुमततर्फ अगाडि बढाउन हरेक दिन लाग्छ। तपाईंले नेपालमा यो ऐतिहासिक दिन, अर्थात् १९७५ मनाउनुभएको छ, अन्याय, उत्पीडन, शोषण र उत्पीडनमा परेका महिलाहरूको मुक्तिको लागि आवाज उठाउन। हालै नेपालका धेरै महिलाहरूले रोजगारीको अधिकार सुनिश्चित गर्ने, मतदानको अधिकारको प्रावधान गर्ने जस्ता मुद्दाहरूमा ध्यान केन्द्रित गर्न थालेका छन् र सार्वजनिक क्षेत्रमा उनीहरूको प्रवेशसँगै बहसहरू दिनप्रतिदिन जारी छन्। नेपालको सन्दर्भमा महिला जनसंख्याको तथ्यलाई हेर्ने हो भने, ५१.५ प्रतिशत महिला र ४८.५ प्रतिशत पुरुष छन्। यहाँ पुरुषको तुलनामा महिलाको संख्या ८ लाखले बढेको छ। विदेशी युवाको अवस्था बढ्दै जाँदा महिलाको संख्या बढ्दै जान्छ। पानी महिलाभन्दा पछाडिको अवस्था हो। के पुरुषको सहभागिता बढेको छैन भन्ने हुन सक्छ? भन्न सकिने अवस्था छ ।

त्यसैले, अब महिलालाई मानसिक रूपमा नेतृत्वतर्फ लैजानु आवश्यक छ। नेपालको संविधान, २०७२ ले महिला अधिकारलाई हरेक सम्भावित तरिकाले सुनिश्चित गरेको छ। वर्तमान संविधानलाई धारा १८ मा व्यवस्था र कानूनको दृष्टिमा अधिकारको समानता सम्बन्धी प्रावधानहरूसँग आत्मसात गरिनुपर्छ, सबै मानिसहरू समान हुनेछन् र जात, धर्म, जाति, लिङ्ग, वैवाहिक स्थितिको आधारमा कुनै भेदभाव हुनेछैन र महिला अधिकारको धारा ३८ अन्तर्गत प्रत्येक महिलालाई समान वंशानुगत अधिकार हुनेछ र कालो नागरिकतासँग सम्बन्धित कानुनी नियमहरू बनाएर पूर्ण नागरिकता अधिकार प्रदान गरिनुपर्छ। आज संविधानमा महिला अधिकार समावेश गर्ने नीति एकपछि अर्को गर्दै अघि बढिरहेको छ। यो अवस्था वास्तविक व्यवहारमा लागू भएको छैन। अब, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसँग सम्बन्धित महिला अधिकार, शारीरिक वा मानसिक, धार्मिक, सामाजिक, सांस्कृतिक र परम्परागत आधारमा महिलामाथि गरिएको कुनै पनि प्रकारको यौन हिंसा वा शोषण, कानुनी होस् वा अन्यथा, संविधानमा उल्लेख गरिएको छ। जबकि महिलाहरू यी अधिकारहरूको पूर्ण कार्यान्वयनको चरणमा पुग्न सकेका छैनन्। देश र विदेशमा धेरै महिलाहरू घरेलु हिंसाको शिकार भइरहेका छन्।

दमन र शोषण अनि बेचबिखनका रुपमा देशका कुना काप्चाहरुमा अबैधरुपमा बस्न बाध्य छन् । महिलाका हक अधिकारका लागि कति संघसंस्थाहरु दिनरात नभनि खटिरहेको छन् । तर पनि महिला अधिकारका कुराहरु केही मात्रामा सहज भएतापनि मुख्य जालो अझै हट्न सकेको छैन । जसले गर्दा अधिकाशं महिलाहरु आफ्नो जीवनलाई त्यति अगाडि बढाउन सकेका छैनन् । महिलाहरु राज्यका मुख्य तहमा नपुगेका पनि होईनन् तर महिला मैत्री वातावरणको र चेतना कतिपय देशमा पुग्न नसक्दा आज महिलाको प्रगतीपथमा पुर्णविराम लागेको छ । चाहे त्यो राजनीतिक, सामाजिक क्रियाकलाप, निजामति सेवा, प्रहरी सेना सबै तहमा महिलाको उपस्थिति पुरुषको तुलनामा अत्यन्तै कम छ । नेपालमा महिलाको साक्षरता ७७.४ प्रतिशत छ । गत वर्षको स्थानिय तहको निर्वाचनमा समेत १९.३३ प्रतिशत महिला जनप्रतिनिधिहरु थिए । जसले महिलाको सहभागितालाई पछाडि परेको देखिन्छ । नारी वास्तवमा यो धर्तीको शृष्टीकर्ता र सन्तानहरुको जन्मदाता हुन । एक त यिनीहरु आफैमा सुन्दरता पनि हुन । नारीको सहयोग र सहकार्य यदि हरेक पुरुषहरुले नगर्ने हो भने नुन विनाको तरकारी खाए जस्तो हुन्छ । त्यसैले त भनिन्छ, नारी र पुरुष एक रथका दुई पाग्रा । नारीले हरेक घरको चुलो चौको देखी लिएर जागीरको क्षेत्रमा समेत काम गर्न समय दिएका हुन्छन ।

त्यसैले आज हरेक पुरुषले कुनै पनि संस्था वा कार्यस्थलमा आफूलाई राम्रो व्यक्ति ठान्छन्। ताकि पुरुषहरूले कुनै पनि कार्यक्रमको बारेमा जान्न सकून्।




त्यसैले घर, समाज, राष्ट्र र देशमा महिलाहरू अगाडि बढ्न सकून्, महिला सशक्तिकरण र प्रगतिमा सहयोग गर्न सकियोस्। महिला दिवसको महत्त्व छ, यद्यपि यो महिलाहरूले एकसाथ आएर आफ्नो अधिकारको प्रवर्द्धन गर्ने मुख्य दिन हो। निष्कर्षमा, विगतका वर्षहरूको तुलनामा महिला अधिकारमा धेरै परिवर्तनहरू भएका छन्। यस महत्त्वपूर्ण दिनमा महिलाहरू महिला अधिकारको बारेमा कुरा गर्ने र कागजमा लेख्ने मात्र सीमित छैनन्। यदि सबैको उत्थान हासिल गर्ने हो भने, अब पुरुषहरूले महिलाको आत्मसम्मानको रक्षा गर्नु आवश्यक छ।

महिलाहरूको कामको उचित मूल्याङ्कन गर्ने र उनीहरूलाई निर्णायक बनाउने दिशामा काम गर्नु अत्यन्त आवश्यक छ ताकि महिलाहरूले आफ्नो अस्तित्वको सम्मान गर्न सकून्। महिलाहरूको निर्णायक उपस्थिति, सहभागिता र नेतृत्व बिना विकास र समृद्धि सम्भव छैन। अब सबै पुरुषहरूले प्रत्येक महिलाको प्रगति बढाउने जिम्मेवारी वहन गर्नुपर्छ। केही संकीर्ण सोच भएका पुरुषहरूले महिलाहरूलाई अवसर र अधिकार दिएका छन् र भन्छन् कि ऋषिहरूले आफ्नो अधिकार गुमाए तर पुरुषहरूको यो सोचभन्दा माथि उठ्नु आवश्यक छ। अब प्रत्येक महिलाले महिला सम्मेलन, सेमिनार र समारोहहरूमा पुरुषसँगै भाग लिनुपर्छ। तब मात्र प्रत्येक महिलाको अधिकार सुनिश्चित हुन्छ।

अन्तर्राष्ट्रिय महिला दिवस २०२६ को विश्वव्यापी अभियानको विषयवस्तु, "गिभ टु गेन" ले हाम्रो सहकार्यले लैङ्गिक समानताको लागि कसरी मार्ग प्रशस्त गर्न सक्छ भन्ने कुरामा जोड दिन्छ। अभियानले प्रत्येक व्यक्ति र संस्थालाई आफ्नो समय, स्रोतसाधन र मार्गदर्शन बाँड्न आह्वान गर्दछ ताकि महिलाहरू अगाडि बढ्न मात्र नभई आफ्ना लक्ष्यहरू पनि प्राप्त गर्न सकून्।

यो विचार सरल तर गहिरो छ–जब हामी महिलाको सपना र सफलतामा योगदान गर्छौं, फाइदाहरू केवल एक व्यक्तिमा मात्र सीमित हुँदैनन्। तिनीहरू समाजमा फैलिन्छन्, हाम्रा समुदायहरूलाई सशक्त बनाउँछन् र सबै चुनौतीहरूको लागि समावेशी र लचिलो समाज सिर्जना गर्छन्।

नेपालभरि, परिवर्तन प्रायः त्यस्ता ठाउँहरूबाट सुरु हुन्छ जुन विरलै समाचारको शीर्षक बन्छन् – गाउँपालिकामा जहाँ महिलाले पहिले आफ्नो आवाज उठाउँछिन्, भान्छाबाट सुरु भएर बजारमा पुग्ने सानो उद्यममा, वा कक्षाकोठामा जहाँ एउटी केटीले आफ्नो भोलि विगत जस्तो नहुने संकल्प गर्छिन्। व्यक्तिगत रूपमा, यी क्षणहरू तुच्छ लाग्न सक्छन्, तर सँगै तिनीहरूले भारतको विकास कथामा ऐतिहासिक परिवर्तनलाई आकार दिइरहेका छन्।

दशकौंदेखि, हाम्रो ध्यान खाना, शिक्षा, स्वास्थ्य र आधारभूत सुविधाहरूमा महिलाहरूको पहुँच बढाउनमा केन्द्रित छ। यी प्रयासहरूले सशक्तिकरणको लागि बलियो जग बसाले। तर आज, कथा पूर्ण रूपमा परिवर्तन भएको छ। हामी अब महिला विकासभन्दा बाहिर गएर महिला नेतृत्वको विकासको बारेमा कुरा गरिरहेका छौं। आज, नेपालले महिलाहरूलाई योजनाहरूको लाभार्थीको रूपमा मात्र नभई देशको आर्थिक र सामाजिक प्रगतिलाई अगाडि बढाउने शक्तिको रूपमा हेर्छ।

महिलाहरूको लागि यो परिवर्तनलाई समर्थन गर्न, देशमा अवसरहरूको विशाल सञ्जाल देखा पर्दैछ। सजिलो ऋण, स्व-सहायता समूह, डिजिटल प्लेटफर्म, शिक्षाका नयाँ बाटोहरू, र बलियो सुरक्षा उपायहरू - यी सबैले यस्तो वातावरण सिर्जना गरिरहेका छन् जहाँ धेरै भन्दा धेरै महिलाहरू सहभागी मात्र छैनन्, तर नेपालको विकासलाई आकार र नेतृत्व पनि गरिरहेका छन्।

विगतका दशकहरूमा रोजगारीमा महिलाहरूको लागि महत्त्वपूर्ण परिवर्तनहरू भए तापनि, उनीहरूलाई अझै पनि पुरुषहरू भन्दा धेरै कम तलब दिइन्छ, अंशकालिक कामहरूमा वा विशाल अनौपचारिक रोजगार क्षेत्रमा थोरै सुरक्षा र थोरै अधिकारहरू सहित। यो सत्य हो कि लैङ्गिक समानतातर्फको प्रगति असमान छ, तर जसले तर्क गर्छन् कि महिलाहरूले विश्वव्यापी रूपमा रोजगारीमा उल्लेखनीय लाभ हासिल गरिरहेका छन् उनीहरूले रोजगारी, समान तलब र पुरुष र महिलाको राजनीतिक प्रतिनिधित्वको तथ्याङ्क हेर्नु आवश्यक छ।

अपहरणपछि बालिकाहरूको शोषण कसरी गरियो भन्ने कुरालाई उजागर गर्दै विश्वभरका सञ्चारमाध्यमले जेफ्री एपस्टाइनको मुद्दालाई महिनौंसम्म हेडलाइनमा राखे। तर, जब नेपालमा हजारौं बालिका र महिलाहरू बेपत्ता हुन्छन्, तब केही दिनमै समाचारहरू हराउँछन्। के विदेश मामिलामा बहस गर्न सजिलो छ, तर हाम्रो आफ्नै देशको सत्यता हेर्न गाह्रो छ? महिला दिवसमा, हामी कस्तो प्रकारको स्वतन्त्रता र सुरक्षाको बारेमा कुरा गरिरहेका छौं भन्ने प्रश्न अझ महत्त्वपूर्ण हुन्छ। महिला दिवसलाई उत्सव र चाडको रूपमा मनाइँदै आए पनि समयसँगै यसको अर्थ पनि परिवर्तन भएको छ। कुनै समय काम गर्ने महिलाहरूको संघर्ष र अधिकारको स्मारकको रूपमा चिनिने, आज यो फरक तरिकाले मनाइन्छ। महिलाहरूको उपलब्धि र योगदानलाई मान्यता दिने नयाँ तरिकाहरू देखा पर्नु खुशीको कुरा हो।

अन्तर्राष्ट्रिय महिला दिवसमा, हाम्रो ध्यान अहिलेसम्म भएको प्रगति मनाउने मात्र होइन, तर हाम्रो समाजमा भइरहेका गहन परिवर्तनहरूलाई पहिचान गर्ने कुरामा पनि केन्द्रित छ। आज, ठूला उद्योगदेखि फार्मसम्म, कक्षाकोठादेखि शासन प्लेटफर्मसम्म - महिलाहरूले नेपालको विकास यात्रालाई आकार दिइरहेका छन्।

# पुरानो पार्टीका नेतृत्वहरूलाई पत्र

डा. ऋषिकेश नारायण श्रेष्ठ

वर्षायामको दिन थियो। जङ्गलमा पन्छीहरू आआफ्नो गुँडमा आफू र आफ्ना बचेराहरूलाई सुरक्षित राखेर बसेका थिए। त्यहीँ एक बाँदर निरन्तर वर्षाले भिजेर काँपिरहेको थियो। एउटा पन्छीलाई बाँदरदेखि दया लाग्यो र उसले भन्यो, "बाँदर दाइ, हामीले तिमीलाई धेरै पटक घर बनाएर बस्न सुझाएका थियौँ। अहिले घर भएको भए तिमीले यस्तो दुःख पाउनु पर्दैनथ्यो। हेर, हामी त वर्षामा पनि सुरक्षित रूपमा आरामसँग बसेका छौँ।"

तर बाँदरलाई पन्छीको सुझाव मन परेन। रिसले उसले पन्छीहरूले बनाएका गुँड भत्काइदियो र पन्छी तथा तिनका बचेराहरूको समेत बिचल्ली बनाइदियो। त्यसैले भनिन्छ–बाँदरले आफ्नो घर पनि बनाउँदैन, अरूको बनेको घर पनि देख्न सक्दैन। यसैलाई "बन्दरे प्रवृत्ति भनिन्छ।"

आजको चुनावको नतिजा हेर्दा यो कथा निकै सान्दर्भिक देखिएको छ । इतिहास बोकेका पार्टीहरूलाई बुद्धिजीवी, नागरिक समाज र राजनैतिक विश्लेषकहरूले पटक-पटक सुधारका सुझाव दिएका थिए। तर ती सल्लाह आत्मसात् गर्नुको सट्टा "हामीसँग लाखौं कार्यकर्ता छन्, दर्जनौं संगठन छन्, हजारौं युथ फोर्स छन्" भन्ने शक्तिको अहंकारमा नेताहरू रमाइरहे।

यसैको परिणामस्वरूप भ्रष्टाचारलाई संरक्षण गर्ने, सुशासनको धज्जी उडाउने, नियुक्तिमा कार्यकर्ता भर्ती गर्ने, जनतालाई धम्काउने र विरोधका आवाज दबाउने प्रवृत्ति बढ्दै गयो। परिणामतः नयाँ पुस्तामा असन्तोष बढ्यो र अन्ततः त्यो असन्तोष विद्रोहका रूपमा प्रकट भयो।

वर्तमान संविधानले एकल बहुमत दिँदैन भन्दै संविधानमा खोट देखाएर गठबन्धनको राजनीति मौलाएको अवस्थामा, हालै सम्पन्न चुनाव २०८२ को परिणामले एउटा स्पष्ट सन्देश दिएको छ । जनताले चाहे भने बहुमत दिन सक्ने रहेछन्। त्यसैले–जनता नै जनार्दन हुन्।


राजनैतिक पार्टीहरूको काम इतिहास बनाउनु हो, इतिहास रट्नु होइन। इतिहासबाट पाठ सिकेर अगाडि बढ्नु नै बुद्धिमानी हो।

नेपालमा नेपाली कांग्रेसको इतिहास र भारतमा कांग्रेस (आई) को अनुभवले देखाएको छ–केवल पुरानो गौरवको सहारामा राजनीति टिक्दैन। इतिहासले गौरव दिन सक्छ, तर भविष्य निर्माण गर्ने जिम्मेवारी वर्तमान नेतृत्वकै काँधमा हुन्छ।

उग्र राष्ट्रवादको नारा मात्र चुनावका बेला प्रभावकारी हुँदैन। राष्ट्रप्रेम आवश्यक छ, तर त्यो विवेक र जिम्मेवारीसँग जोडिएको हुनुपर्छ।

आजका नयाँ जेनेरेसन (जेनजी) युवाहरू विश्व भूराजनीति बुझ्छन्। आजको संसार उनीहरूको मोबाइलमै कैद छ। उनीहरूले विश्वका विभिन्न समाज र व्यवस्थालाई देखिरहेका छन्, तुलना गरिरहेका छन् र प्रश्न उठाइरहेका छन्।

नेपालका लाखौं युवाहरू देशभित्र अवसर नपाएर विदेशमा रोजगारीका लागि जान बाध्य छन्। यस्तो अवस्थामा उग्र राष्ट्रवादको नारा दिएर मित्र राष्ट्रहरूलाई गाली गर्ने वा धम्की दिने प्रवृत्तिले अन्ततः राजनीतिक दलहरूलाई नै घाटा पुर्‍याउँछ। किनकि हाम्रा धेरै जनता, खासगरी युवाहरू विदेशी भूमिमा छन्।





पार्टीहरूप्रति मेरो सम्मान छ । पार्टीहरू आफैं दोषी होइनन्ः दोषी तिनलाई सञ्चालन गर्ने नेतृत्वको प्रवृत्ति हो। जब पार्टीभन्दा ठूलो गुट, गुटभन्दा ठूलो उपगुट, र उपगुटभन्दा ठूलो 'व्यक्ति' बन्ने प्रवृत्ति बढ्छ, तब पार्टी कमजोर हुन्छ । नीति र सिद्धान्तभन्दा व्यक्तिवाद हावी भइदिँदा पार्टीको विश्वसनीयता घट्छ । जब नेतृत्वले सल्लाह र परामर्शलाई कमजोरी ठान्छ, तब पतनको यात्रा सुरु हुन्छ ।

नेतृत्वमा इमान्दारिता, गल्ती स्वीकार गर्ने साहस, सही-गलत छुट्याउने क्षमता र क्षणिक लाभका लागि झुट नबोल्ने संस्कार विकास भए पार्टीहरू आफैं बलियो हुँदै जान्छन् । संगठन बलियो हुन नेतृत्वमा नैतिकता, पारदर्शिता र उत्तरदायित्व अनिवार्य हुन्छ ।

नयाँ पुराना सबै पार्टीहरूले चुनावी परिणाम स्वीकार्नुस् । नयाँ सरकारलाई सहयोग गर्नुस्। नयाँ नेतृत्वलाई सफल बनाउने प्रयास गर्नुभयो भने, तपाईंहरूको सहयोगले जनताको आकांक्षा पूरा गर्न मद्दत हुनेछ । त्यसपछि तपाईंहरूको पार्टीले जनताको विश्वास फेरि जित्न सक्छ । यसको सकारात्मक प्रभाव आगामी चुनावमा पनि पर्नेछ ।

एकपटकको सफलता अन्तिम होइन, असफलता घातक पनि होइन । बहुदलीय व्यवस्थामा एउटा चुनाव हार्दैमा पार्टीहरू समाप्त हुँदैनन् । देश र संविधान बाँचिरहेसम्म पार्टीहरू पनि बाँचिरहन्छन् । तर विधि-विधान अनुसार नेतृत्वमा समय सापेक्ष परिवर्तन हुनु आवश्यक हुन्छ । यदि यस्तो हुन सकेन भने पार्टीले क्षति भोग्नुपर्छ–जुन अहिले देखिन थालेको छ ।

इतिहास बोकेका पुराना पार्टीहरूभित्र चुनावमा अन्तर्घात र गुटबन्दीको समस्या भए जस्तो देखिन्छ। त्यसैले समीक्षा गर्नुस् र अर्को चुनावका लागि सुधार गरेर आउनुस्।

अन्ततः लोकतन्त्रमा अन्तिम शक्ति जनताकै हातमा हुन्छ । जनता धेरै समयसम्म भ्रममा बस्दैनन्। समय आएपछि उनीहरूले आफ्नो निर्णयमार्फत स्पष्ट सन्देश दिन्छन्। अहिलेको चुनावी परिणाम पनि त्यही सन्देश हो । जनताको विश्वास गुमाउने कुनै पनि शक्ति स्थायी हुन सक्दैन ।

इतिहासले पार्टीलाई पहिचान दिन सक्छ, तर भविष्य जनताले मात्र तय गर्छन्। राजनीतिक पार्टीहरूको भविष्य उनीहरूको इतिहासले होइन, वर्तमानको आचरण र भविष्यप्रतिको दृष्टिले तय हुन्छ ।

त्यसैले अब आत्ममूल्यांकन गर्ने समय आएको छ । इतिहासलाई केवल गौरवका रूपमा दोहोर्‍याउने होइन, त्यसबाट पाठ सिकेर सुधार गर्ने समय आएको छ ।

तर यदि पुरानै अहंकार र गुटबन्दीमै राजनीति सीमित रह्यो भने इतिहास बनाएका ती पार्टीहरू आफैं इतिहासका पानामा सीमित हुन धेरै समय लाग्दैन ।

रवर्तन अरूबाट होइन, आफैंबाट सुरु हुन्छ । जब सबल, इमान्दार र उत्तरदायी नेतृत्व रहन्छ, समय सापेक्ष परिवर्तनलाई आत्मसाथ गरी सोच बदलिन्छ अनि मात्र पार्टी बलियो हुन्छ, लोकतन्त्र बलियो हुन्छ र देश समृद्धितर्फ अगाडि बढ्छ । साभारः रोतोपाटीडटकमबाट

## ६५ मा उदाएका माओवादी ओरालो लाग्दै



टुडे समाचारदाता

काठमाण्डू । तत्कालिन नेकपा माओवादी केन्द्र हालको नेपाली कम्युनिस्ट पार्टीले इतिहासकै प्रतिकूलताको सामना गरेको छ । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा ७ सिट जितेर चौथो स्थानमा पुगेको छ । प्रत्यक्षतर्फ लज्जास्पद हार व्यहोर्दा समानुपातिकतर्फ पनि उत्साहजनक मत ल्याउन सकेको छैन ।

आइतबार अपरान्ह ५ बजेसम्म ४५ लाख ३० हजार ९१३ मत गणना हुँदा नेकपाले जम्मा तीन लाख चार हजार ६२ मत प्राप्त गरेको छ । २०५२-०६२ सालमा माओवादी सशस्त्र विद्रोहको रापताप र २०६२/६३ सालमा भएको जनआन्दोलनबाट स्थापित भएको नेकपाको अस्तित्व संकटमा पर्ने देखिन्छ । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण तत्कालीन केपी ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकार ढलेपछि ताजा जनादेशका लागि पूर्वन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले संसद् विघटन गरी निर्वाचन घोषणा गरेको थियो ।

यस निर्वाचनमा तीन वर्ष अगाडि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ सरकार बनाउने गरी अगाडि बढिरहँदा पुराना दल कांग्रेस, एमाले र नेकपा गम्भीर संकटमा धकेलिएका छन् । २०४६ सालमा राजनीतिक परिवर्तनपछि २०४८ सालमा भएको निर्वाचनमा तत्कालीन नेकपा एकता केन्द्रको खुला मोर्चा संयुक्त जनमोर्चाले ९ सिट जितेर तेस्रो दल बनेको थियो ।

२०५१ सालमा भएको मध्यावधि बहिष्कार गरी हाल नेकपाको मूल घटक माओवादीले बहिष्कार गरी युद्धमा होमियो । २०६२ सालमा त्यतिबेलाका संसद्वादी ७ राजनीतिक दल र माओवादीबिच १२ बुँदे सम्झौता भएपछि २०६२/०६३ सालमा भएको दोस्रो जनआन्दोलनले परम्परागत राजतन्त्र ढाल्यो । २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा माओवादीले २२९ सिट जितेर पहिलो दल बनेको थियो । २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा ८३ सिट जितेर तेस्रो दलमा खुम्चियो । त्यसयता हरेक निर्वाचनमा जनम खस्किँदै गएपनि तेस्रो स्थान कायमै राखेको थियो ।

२०७४ सालमा दुई ठुला वामपन्थी दल नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिस्ट पार्टी बनाए । त्यतिबेला नेकपाले १७४ सिट जितेर झण्डै दुईतिहाइ मत प्राप्त गरेको थियो । २०७९ सालमा ३२ सिट जितेर तेस्रो स्थानमा राख्यो । यो निर्वाचनमा निर्णायक राजनीतिक शक्ति बन्ने योजना सहित ।

# रास्वपाको यस्ता छन् आर्थिक सुधारका 'एजेन्डा'



काठमाण्डू । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा सबैभन्दा ठूलो दल बनेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकार गठनको तयारीमा छ ।

निर्वाचनअघि सार्वजनिक गरिएको चुनावी वाचापत्रमा रास्वपाले आर्थिक सुधारलाई केन्द्रमा राख्दै उत्पादकत्व वृद्धि, नियामक सुधार, लगानीमैत्री वातावरण, 'डिजिटल' अर्थतन्त्र, वित्तीय क्षेत्र सुधारलगायत विषयलाई प्रमुख ' एजेन्डा' बनाएको थियो । अब सरकार गठनपछि ती प्रतिबद्धताहरू कार्यान्वयन कसरी अघि बढ्छन् भन्ने स्वाभाविक चासोको विषय हो । राससले रास्वपाको वाचापत्रमा राखिएका आर्थिक एजेन्डालाई केलाएको छ ।

### उत्पादकत्व वृद्धि र उद्यममैत्री वातावरण

आर्थिक उन्नयनको मूल आधारका रूपमा थितिसहितको आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि गर्ने रास्वपाको वाचापत्रमा उल्लेख गरेको छ । सीमित समय, पुँजी र साधनस्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्नुलाई दीर्घकालीन समृद्धिको मार्गका चित्रित गरिएको छ । यसका लागि जोखिम बहन गर्न तत्पर निजी लगानी र सक्षम, पारदर्शी तथा सहजीकरणमुखी सार्वजनिक भूमिकाको प्रभावकारी समन्वय आवश्यक रहेको वाचापत्रमा उल्लेख छ ।

चुनावी घोषणापत्रमा निजी क्षेत्रले रोजगारी सृजना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पुँजी प्रवाहमा अग्रणी भूमिका खेल्ने र सरकारको भूमिका नियामक तथा सहजीकरणकर्ताको मात्र हुने स्पष्ट पारिएको छ ।

त्यस्तै, नीतिगत दोहन तथा कृत्रिम अवरोधहरूको अन्त्य गर्दै नवप्रवर्तन, उद्यमशीलता र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने सर्वाधिक उद्यममैत्री व्यावसायिक वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि पार्टीले जनाएको थियो ।

युवा-केन्द्रित जनसाि्यक लाभांशलाई अवसरमा रूपान्तरण गर्दै आगामी १०-१५ वर्षभित्र संरचनात्मक आर्थिक रूपान्तरण हासिल गर्न नसके दीर्घकालीन रूपमा न्यून आय जालमा फस्ने यथार्थप्रति पार्टी सजग रहेको जनाइएको थियो । त्यसैले उत्पादकत्व वृद्धि, सीप विकास, पुँजी निर्माण र प्रविधि-आधारित औद्योगिकीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने उल्लेख छ ।

### नियामक सुधार र सामाजिक बजार अर्थतन्त्र

कार्टेल, अस्वस्थ प्रतिस्पर्धा, रेन्ट-सिकिङ तथा नीतिगत दोहनजस्ता विकृतिहरू नियन्त्रण गर्न राजनीतिक हस्तक्षेपबाट मुक्त, पेशागत, पारदर्शी र शक्तिशाली नियामकीय निकायहरूको निर्माण तथा सुदृढीकरण गरिने पनि वाचापत्रमा उल्लेख छ । राजनीति र नियमनबीचको अनुचित साँठगाँठ अन्त्य गर्दै नवप्रवर्तन, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक उत्तरदायित्वलाई सन्तुलित रूपमा प्रवर्द्धन गर्ने सामाजिक बजार अर्थतन्त्रको रूपरेखाभित्र नेपालको यथार्थ अनुकूल, सन्तुलित र दिगो आर्थिक मोडल अवलम्बन गरिने पनि जनाइएको छ ।

निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणलाई सन्तुलित रूपमा संयोजन गरिने विषय वाचापत्रमा राखिएको छ । अबको लोककल्याणकारी राज्य लाभ वितरणमा मात्र सीमित नभई वृद्धिको स्वरूपलाई रूपान्तरण गर्दै दीर्घकालीन आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनको आधार निर्माण गर्ने लक्ष्य पनि राखिएको छ ।

### वृद्धिको लक्ष्य र कानुनी सुधार

आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गरिने घोषणा गरिएको थियो । झन्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृ्त लाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रहरूमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गरिने उल्लेख छ ।

पहिलो दल रास्वपाले नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक' बनाउन अर्को पाँच वर्ष औसत आर्थिक वृद्धि दर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाल्ने लक्ष्य राखेको छ । यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुर्‍याउने महत्वाकाङ्क्षी लक्ष्य पनि लिइएको छ । कुन ऐन र नियमावली खारेज वा संशोधन गर्ने भन्ने निर्णयको आधार स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसङ्घ र उद्योग वाणिज्य महासङ्घका सुझाव लिइने पनि उल्लेख छ ।

### कर नीति र विनिमय दर पुनरावलोकन

सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने दल भएकाले निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करको बोझ घटाइने बताइएको छ । कर कानुन तथा नियमहरू भूतप्रभावी ढङ्गले नलगाइने र नियोजित कर छली रोकिने उल्लेख छ । मध्यम वर्गीय परिवार र बालबालिकाको उज्ज्वल भविष्यका लागि 'पारिवारिक भार' का आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ ।

शिक्षा, स्वास्थ्य तथा पालनपोषण खर्चबापत निश्चित रकम करयोग्य आयबाट घटाउन पाउने कानुनी व्यवस्था गर्दै संस्थागत बचत कार्यक्रमहरूलाई प्रश्रय दिइने उल्लेख छ ।

त्यस्तै, भारतीय रूपैयाँसँग तीन दशकदेखि स्थिर विनिमय दर कायम रहेकामा विशिष्ट अन्तरराष्ट्रिय प्राज्ञहरूसमेतको सहभागितामा यस प्रणालीको अध्ययन र पुनरावलोकन गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

### लगानी, सार्वजनिक संस्थान र आयोजना व्यवस्थापन

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित वान स्टप सेवा केन्द्रको कार्यान्वयन गरिने उल्लेख छ । डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क रूपमा व्यवसाय दर्ता गराउने व्यवस्था मिलाइने जनाइएको छ । राजस्व न्यायाधिकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरी भ्रष्टाचार नियन्त्रण गर्न चार्टर्ड एकाउन्टेन्टहरूको बाहुल्य रहेको दक्ष पेसागत इकाइ निर्माण गरिने पनि वाचापत्रमार्फत रास्वपाले आफ्नो नीति रहेको जनाएको छ ।

सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी केहीलाई गाभ्ने, केही निजी-सार्वजनिक मोडलमा लैजाने, केहीमा रणनीतिक साझेदार भित्र्याउने र अन्यलाई विकेन्द्रित गर्ने, र केहीको अचल सम्पत्तिको स्वामित्व सरकारका नाममा ल्याउने विकल्पमा अघि बढ्ने उल्लेख छ । सार्वजनिक आयोजनाहरूलाई स्पष्ट उद्देश्य, सुनिश्चित बजेट र समयसीमासहित लक्ष्य-केन्द्रित कार्यशैली (मिसन मोड) मा कार्यान्वयन गरिने र आयोजना सम्पन्न नभएसम्म प्रमुख तथा खटिएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था गरिने जनाइएको छ ।

विगत १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई आगामी दुई वर्षभित्र अनिवार्य सम्पन्न गर्नेगरी 'नतिजामुखी समयबद्ध कार्ययोजना' लागू गरिने उल्लेख थियो भने अबको पाँच वर्षमा १० वटा नयाँ विविधीकृत क्षेत्रका आयोजनाहरूलाई 'राष्ट्रिय गौरव' को सूचीमा समावेश गरी 'फास्ट ट्र्याक' मोडेलमा अगाडि बढाइने पनि वाचापत्रमा उल्लेख छ ।

### वित्तीय क्षेत्र सुधार

सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैर-बैङ्किङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याइने उल्लेख छ । त्यस्तै, रु ५० करोडभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तहरूलाई अनिवार्य रूपमा राष्ट्र बैङ्कको कडा नियमनमा ल्याइने र साना संस्थाहरूको व्यवस्थित सञ्चालनका लागि एक उच्चाधिकार सम्पन्न 'दोस्रो तहको नियामक' गठन गरिने वाचापत्रमा जनाइएको छ ।

कर्जा प्रवाहमा हुने दोहोरोपन र ' ऋणको पासो' अन्त्य गर्न सहकारी र लघुवित्त दुवैलाई 'कर्जा सूचना केन्द्र' सँग जोडी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह हुने सुनिश्चित गरिने नीति रास्वपाले लिने वाचापत्रमा राखिएको छ । ब्याजदरलाई आधारदरसँग जोडेर केही प्रतिशत मात्र प्रिमियम लिन पाउने स्वचालित प्रणाली लागू गरी चर्को ब्याज र अनुचित सेवा शुल्कको अन्त्य गरिने बताइएको छ ।

### बचत सुरक्षा र मिटरब्याज अन्त्य

सरकार गठन भएको सय दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गरिने र बचतकर्ताहरूको कमाई सुरक्षित गर्न राज्यका तर्फबाट एक ' एकीकृत बचत सुरक्षा कोष' स्थापना गरिने उल्लेख छ । 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप बचत फिर्ता गर्न तयार सञ्चालक वा व्यवस्थापन पक्षलाई मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिने पनि जनाइएको छ । मिटर ब्याज र अनुचित लेनदेनलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोहरूलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पारिने उल्लेख छ । विगतमा गरिएका सबै अवैध तमसुक र कपाली तमसुकहरूको न्यायिक छानबिन गरी पीडितहरूको जग्गा र सम्पत्ति फिर्ता गराउन एक अधिकार सम्पन्न 'द्रूत न्याय कार्यदल' गठन गरिने पनि वाचापत्रमार्फत सार्वजनिक गरिएको थियो ।

### पुँजी बजार र डिजिटल अर्थतन्त्र

पुँजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार गर्दै नेप्सेलाई अन्तरराष्ट्रिय स्तरको बनाइने, इन्साइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिने उल्लेख छ । पेन्सन फन्ड, बीमा, म्युचुअल फन्डलाई सक्रिय लगानी गर्न प्रोत्साहन गर्दै ऋण बजार र बन्ड बजारको विकास गरिने, गैर-आवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति बनाइने र वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याइने जनाइएको थियो ।

नेपालको विशिष्ट भूगोल र अवस्थालाई ध्यानमा राख्दै 'सीमारहित अर्थतन्त्र' को अवधारणालाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राखिने र श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई सेवा निर्यातमुखी तथा ज्ञान-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल रूपान्तरणलाई प्रमुख आधार बनाइने उल्लेख छ । यसका लागि परिमार्जित तथा विस्तारित बृहत् डिजिटल नेपाल फ्रेमवर्क निर्माण गरी नीति सुधार, पूर्वाधार विकास र सार्वजनिक-निजी लगानी अभिवृद्धि गरिने पनि घोषणापत्रमा उल्लेख थियो ।

रास्वपाले गत निर्वाचनका लागि सार्वजनिक गरेको चुनावी वाचापत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने 'रेमिट्यान्स'लाई उछिन्दै सूचना प्रविधि (आइटी) क्षेत्रलाई देशको प्रमुख आर्थिक आधार बनाउने महत्वाकाङ्क्षी योजना सार्वजनिक गरेको थियो । आइटी क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्ने उल्लेख गर्दै यसलाई देशको सबैभन्दा ठूलो निर्यातजन्य क्षेत्र बनाउने लक्ष्य लिएको छ । सूचना प्रविधि क्षेत्रको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुर्‍याउने महत्वाकाङ्क्षी लक्ष्य रास्वपाले लिएको छ । यस लक्ष्यलाई साकार पार्न पार्टीले एक स्वायत्त ' आइटी प्रवर्द्धन बोर्ड' गठन गर्ने जनाएको छ । यस क्षेत्रको विकासका लागि विशेष आयकर सहुलियत, वैदेशिक लगानी भित्र्याउन र नाफा स्वदेश फिर्ता लैजान सरल नीति तथा बौद्धिक सम्पत्ति धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

### सातै प्रदेशमा डिजिटल पार्क, पाच लाख रोजगारी

नेपाललाई 'ग्लोबल टेक हब' का रूपमा विकास गर्न रास्वपाले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गर्ने योजना सार्वजनिक गरेको छ । यसबाट प्रत्यक्ष रूपमा पाँच लाख युवालाई रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ । यसका लागि डिजिटल इकोसिस्टम निर्माणमा जोड दिँदै सञ्चार पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा र साइबर सुरक्षामा ठूलो लगानी गरिने उल्लेख छ ।

### 'क्यासलेस सोसाइटी' र स्वदेशी स्टार्टअपलाई प्राथमिकता

रास्वपाले नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै सबै आर्थिक कारोबारलाई एकीकृत डिजिटल प्लेटफर्ममा आबद्ध गरी 'क्यासलेस सोसाइटी' निर्माण गर्ने योजना अघि सारेको छ । यसले भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रणमा मद्दत पुग्ने वाचापत्रमा उल्लेख छ । स्वदेशी स्टार्टअपहरूलाई विश्वव्यापी बजारसँग जोड्न 'अन्तरराष्ट्रिय पेमेन्ट गेटवे' का कानुनी र प्राविधिक अवरोधहरू तत्काल हटाउने प्रतिबद्धता पनि पार्टीले जनाएको छ ।

### एआई र क्रिप्टोमा नेपालको सम्भावना

रास्वपाले नेपाललाई कच्चा विद्युत् मात्र निर्यात गर्ने देशबाट 'कृत्रिम बौद्धिकता' (एआई) र 'कम्प्युटेसन' शक्ति निर्यात गर्ने देशमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ । नेपालको स्वच्छ ऊर्जा, चिसो मौसम र भौगोलिक संरचनालाई डाटा सेन्टर सञ्चालनका लागि उपयुक्त मान्दै जलविद्युत् आयोजना नजिकै उच्च क्षमताका डाटा सेन्टर स्थापना गरिनेछ । यसबाट 'ग्रिन जिपियु कम्प्युटिङ' सेवा एसियालाई निर्यात गर्न सकिने रास्वपाको दाबी छ ।

यस्तै, एक वर्षभित्र विश्वव्यापी अध्ययनका आधारमा क्रिप्टोकरेन्सीको नियमन र उपभोक्ता संरक्षणबारे स्पष्ट राष्ट्रिय नीति ल्याइने र क्रिप्टो माइनिङको सम्भावनालाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाइने जनाइएको छ ।

### डिजिटल रोजगारी र 'रिमोट वर्क'

विश्वव्यापी श्रम बजारको परिवर्तनलाई आत्मसात् गर्दै रास्वपाले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने जनाएको छ । यसका लागि श्रम ऐन संशोधन गरी रिमोट वर्क र डिजिटल रोजगारीलाई वैधानिक मान्यता दिइनेछ । साथै, 'डिजिटल नोम्याड' (घुमन्ते डिजिटल कर्मचारी) लाई आकर्षित गर्न विशेष भिसा र बसोबासको नीतिगत व्यवस्था गरिने वाचापत्रमा उल्लेख छ । रासस

# निर्वाचन शान्तिपूर्ण, नेपाल प्रहरीको समन्वयकारी भूमिका



भैरहवा । हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन उल्लेखनीय रूपमा शान्तिपूर्ण र व्यवस्थित वातावरणमा सम्पन्न भएको छ । विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको तुलनामा यही फागुन २१ गते सम्पन्न निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रहेको हो ।

निर्वाचन अवधिभर प्रभावकारी सुरक्षा रणनीति, सुरक्षाकर्मीको सक्रिय परिचालन तथा सुरक्षा निकायबीचको समन्वयका कारण यसपटकको निर्वाचन अपेक्षाकृत सुरक्षित, व्यवस्थित र भयरहित वातावरणमा सम्पन्न भएको विश्लेषण गरिएको छ । निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन नेपाल प्रहरीले बहुआयामिक सुरक्षा योजना कार्यान्वयन गरेको थियो । मतदानस्थल र मतदान केन्द्रहरूमा विशेष सुरक्षा प्रबन्ध मिलाएकाले मतदाताले ढुक्क साथ मतदान गर्न सकेको सुरक्षा निकायको भनाइ छ । प्रहरी सङ्गठनले सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै निर्वाचनलाई निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण भूमिका खेलेको प्रहरीको ठम्याइ छ ।

सुरक्षाकर्मीलाई स्पष्ट जिम्मेवारीसहित परिचालन गरिएको तथा देशभरका प्रहरी इकाइलाई उच्च सतर्कतामा राखेर सुरक्षा व्यवस्थापन गरिएको प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बताउनुभयो । उहाँले सुरक्षा रणनीति सफल भएको उल्लेख गर्दै विगतको तुलनामा यस निर्वाचन शान्तिपूर्ण र व्यवस्थित भएको दाबी गर्नुभयो ।

प्रहरी प्रधान कार्यालयले निर्वाचन सुरक्षाका लागि मुख्यतः पाँच प्रमुख रणनीति अवलम्बन गरेको थियो । महानिरीक्षक कार्कीका अनुसार पहिलो, सुरक्षा जोखिम मूल्याङ्कनका आधारमा मजबुत सुरक्षा योजना तयार गरिएको थियो । दोस्रो, सीमित स्रोत-साधनलाई प्रभावकारी रूपमा परिचालन गरी सुरक्षा व्यवस्थापनलाई सुदृढ बनाइएको थियो । तेस्रो, पछिल्ला आन्दोलनका कारण केही खस्किएको प्रहरी मनोबललाई उच्च बनाउने उद्देश्यले सङ्गठनभित्र विशेष पहल गरिएको थियो । चौथो, अन्य निकायहरूसँग प्रभावकारी सुरक्षा निकाय, राजनीतिक दल, प्रशासन तथा सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय कायम गरिएको थियो । र, पाँचौं, निर्वाचन अवधिभर निरन्तर अनुगमन तथा नियमनलाई सुदृढ बनाइएको थियो ।

अनुगमनका क्रममा प्रहरी महानिरीक्षक कार्की स्वयंले विभिन्न प्रदेश तथा जिल्लाका प्रहरी इकाइमा पुगेर स्थलगत निरीक्षण, सुपरीवेक्षण तथा 'ब्रिफिङ' कार्यक्रम सञ्चालन गर्नुभएको प्रहरी प्रधान कार्यालय सूचना शाखाको भनाइ छ । यस पटकको निर्वाचन नेपाल प्रहरीले 'डिजिटल' प्रविधिको प्रयोगलाई पनि विशेष प्राथमिकता दिइएको थियो । सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना तथा 'फेक न्युज' नियन्त्रण गर्न प्रत्येक जिल्लामा सामाजिक सञ्जाल अनुगमन टोली गठन गरिएको थियो । ती टोलीहरूले 'अनलाइन' माध्यममा प्रसारित भ्रामक सामग्रीको निगरानी गर्दै आवश्यक कारबाही तथा सामग्री हटाउने कार्यसमेत गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

त्यसैगरी, संवेदनशील क्षेत्रहरूको निगरानीका लागि 'ड्रोन क्यामेरा', उच्च क्षमताका क्यामेरा तथा अनुसन्धानमा डिजिटल प्रविधिको प्रयोग गरिएको थियो । सुरक्षा अवस्थाअनुसार सङ्गठनात्मक कमान्ड संरचना व्यवस्थित गर्दै प्रदेश स्तरमा प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्वमा सुरक्षा कमान्ड खडा गरिएको थियो भने जिल्ला स्तरमा वरिष्ठ प्रहरी अधिकृतहरू र सिनियर प्रहरी अधिकृतहरूलाई परिचालन गरिएको थियो ।

सुरक्षा व्यवस्थापनका दृष्टिले विभिन्न सुरक्षा निकायबीचको समन्वयलाई पनि प्रभावकारी बनाइएको थियो । नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागसँग संयुक्त रूपमा सुरक्षा निगरानी, जोखिम मूल्याङ्कन तथा सम्भावित विवाद समाधानका लागि सहकार्य गरिएको प्रहरीले जनाएको छ ।

विसं २०७९ को निर्वाचनका क्रममा देशका विभिन्न जिल्लामा राजनीतिक दलका कार्यकर्ता तथा समर्थकबीच झडपका घटना भएका थिए । बाजुरा, रुकुम र कालीकोटमा भएका झडपमा आठ जनाको मृत्यु भएको थियो भने इलाम, सर्लाही, दोलखा, दाङ, नवलपरासी पश्चिम, हुम्ला, धादिङ, ललितपुर, तनहुँ, म्याग्दी, खोटाङ र भोजपुरमा गरी दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भएका थिए । विभिन्न स्थानमा विस्फोटक पदार्थ राख्ने प्रयास तथा मतदान अवरोधका घटनासमेत भएका थिए । तर २०८२ सालको निर्वाचनमा भने त्यस्ता गम्भीर प्रकृतिका घटना देखिएन, भएन । मतदान केन्द्रहरूमा व्यवस्थित तथा कडा सुरक्षा प्रबन्ध मिलाइएकाले ठूलो झडप वा हिंसात्मक घटना हुन नपाएको सुरक्षा विज्ञहरूको भनाइ छ ।

केही स्थानमा सामान्य तनाव उत्पन्न भए पनि सुरक्षाकर्मीले तत्काल नियन्त्रणमा लिई अवस्था सामान्य बनाएका थिए । संविधानविद् तथा कानुन व्यवसायी सूर्य अधिकारीका अनुसार निर्वाचन शान्तिपूर्ण हुनुमा प्रभावकारी सुरक्षा व्यवस्थापन प्रमुख कारण हो । उहाँले राज्यका सुरक्षा निकाय, निर्वाचन व्यवस्थापन र प्रशासनबीचको समन्वय प्रभावकारी भएकाले निर्वाचन सहज रूपमा सम्पन्न भएको बताउनुभयो ।

त्यसैगरी, सुरक्षा विश्लेषक तथा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक उमेशचन्द्र रिजालले विगतका अनुभवका आधारमा सुरक्षा रणनीति परिमार्जन गरिएकाले जोखिम न्यूनीकरणमा सफलता मिलेको बताउनुभयो ।

अधिकारकर्मी लक्ष्मी केसीले निर्वाचन अवधिभर सुरक्षाकर्मीले उच्च जिम्मेवारीका साथ भूमिका निर्वाह गरेकाले कुनै ठूलो दुर्घटना वा हिंसात्मक घटना हुन नपाएको बताउनुभयो । उहाँका अनुसार यसले नेपालको लोकतान्त्रिक अभ्यासमा सकारात्मक सन्देश दिएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबि नारायण काफ्लेका अनुसार निर्वाचन सुरु हुनुअघि नै देशभरका मतदान केन्द्रहरूलाई संवेदनशील, अति संवेदनशील र सामान्य गरी वर्गीकरण गरी सुरक्षा योजना तयार पारिएको थियो । उहाँले विभिन्न सुरक्षा निकायसँगको संयुक्त परिचालन र समन्वयका कारण सम्भावित जोखिमहरू नियन्त्रण गर्न सफल भएको बताउनुभयो ।

मानवीय क्षतिको दृष्टिले पनि २०७९ को तुलनामा २०८२ को निर्वाचन उल्लेखनीय रूपमा शान्तिपूर्ण देखिएको सुरक्षा निकायको निष्कर्ष छ । विगतमा देखिएका झडप, विस्फोटक पदार्थ राख्ने प्रयास तथा मतदान अवरोधजस्ता घटनाहरू यस पटक दोहोरिन नपाएको हो । समग्रमा निर्वाचन आयोग, सुरक्षा निकाय, प्रशासन, राजनीतिक दल तथा मतदाताबीचको सहकार्य र जिम्मेवार भूमिकाका कारण २०८२ सालको प्रतिनिधिसभा निर्वाचनलाई नेपालको लोकतान्त्रिक अभ्यासमा शान्तिपूर्ण तथा व्यवस्थित निर्वाचनका रूपमा स्थापित गर्न सफल भएको छ ।

अनुशासित परिचालन, प्रभावकारी सुरक्षा रणनीति र नेतृत्वदायी भूमिकाका कारण नेपाल प्रहरीले निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण योगदान दिएको ठहर गरिएको छ । प्रहरी महानिरीक्षक कार्कीले नेतृत्व सम्हालेपछि सङ्गठनको व्यावसायिक क्षमता, प्रविधिमैत्री कार्यशैली तथा सङ्गठनात्मक समन्वयमा सुधार देखिएको छ । रासस

# छ महिनासम्म युद्ध लड्न सक्ने इरानको दाबी

एएफपी

मध्यपूर्वमा चर्किँदै गएको युद्धका बीच इरानले आफ्नो सेना अमेरिका र इजरायलविरुद्ध महिनौँसम्म तीव्र लडाइँ गर्न सक्षम रहेको दाबी गरेको छ। इरानको रिभोलुसनरी गार्ड्सले आइतबार वर्तमान गतिमा युद्ध जारी रहे पनि इस्लामिक गणतन्त्रको सैन्य क्षमता कम्तीमा छ महिनासम्म तीव्र सङ्घर्ष धान्न सक्ने बताएको हो।




द्वन्द्व दोस्रो हप्तामा प्रवेश गरिसकेको अवस्थामा क्षेत्रभरि तनाव थप फैलिएको छ। इजरायलले लेबनानको राजधानी बेरुतको मध्यभागमा रहेको एक होटलमा लक्षित आक्रमण गरेपछि अवस्था झनै जटिल बनेको छ। उक्त होटलमा इरानको रिभोलुसनरी गार्डको विदेशी अपरेसन शाखा कुद्स फोर्ससँग सम्बन्धित कमान्डरहरू रहेको दाबी इजरायली सेनाले गरेको छ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार उक्त आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ। घटनास्थलमा पुगेका एएफपीका फोटो पत्रकारहरूले भवनका झ्यालहरू फुटेको र पर्खालहरू जलेको अवस्था देखिएको बताएका छन्।

यसैबीच इजरायली सेनाले आइतबार 'तेहरानका विभिन्न स्थानमा' नयाँ आक्रमणको लहर सुरु गरिएको जनाएको छ। इजरायलले ती आक्रमणहरू इन्धन भण्डारण केन्द्रसहित सैन्य पूर्वाधारसँग सम्बन्धित लक्ष्यहरूमा केन्द्रित रहेको बताएको छ।

इरानले भने अमेरिका र इजरायलले शनिबार राजधानी तेहरानमा रहेको तेल भण्डारण केन्द्रमा आक्रमण गरेको आरोप लगाएको छ। इरानको ऊर्जा पूर्वाधारमाथि प्रत्यक्ष रूपमा भएको यो पहिलो आक्रमण भएको तेहरानको दाबी छ। यस घटनापछि शेयर बजारमा गिरावट आएको र अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको उल्लेख गरिएको छ।

रिभोलुसनरी गार्ड्सका प्रवक्ता अली मोहम्मद नैनीका अनुसार इरानले अहिलेसम्म 'पहिलो र दोस्रो पुस्ताका' क्षेप्यास्त्र प्रयोग गरेको छ। तर आगामी दिनहरूमा अझ उन्नत र लामो दूरीका मिसाइलहरू प्रयोग गरिन सक्ने उहाँले सङ्केत गर्नुभयो।

क्षेत्रीय स्तरमा पनि तनाव फैलिँदै गएको देखिएको छ। साउदी अरेबियाले राजधानी रियादतर्फ लक्षित दर्जनौँ ड्रोन रोकेको जनाएको छ। कुवेतले आफ्नो अन्तर्राष्ट्रिय विमानस्थल नजिकै इन्धन भण्डारण ट्याङ्कीहरूमा आक्रमण भएको जानकारी दिएको छ।

कुवेतमा उड्डयन इन्धन भण्डारणमा भएको आक्रमणपछि ऊर्जा आपूर्तिबारे चिन्ता बढेको छ। कुवेतको राष्ट्रिय तेल कम्पनीले होर्मुजको जलडमरुमा बढ्दो जोखिमका कारण कच्चा तेल उत्पादन घटाउने निर्णय गरेको जनाएको छ। उक्त जलमार्गबाट विश्वको करिब पाँचौँ भाग तेल तथा ग्यास पारवहन हुने गर्दछ।

गत आइतबार कुवेतस्थित अमेरिकी सैन्य अड्डामा भएको ड्रोन आक्रमणमा छ जना अमेरिकी सैनिक मारिएका थिए। ती सैनिकहरूको शव स्वदेश फर्काउने कार्यक्रममा सहभागी हुँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि इरानसँगको युद्ध विस्तार हुने सम्भावनाबारे टिप्पणी गर्नुभएको थियो।

यसैबीच इरानका सुरक्षा प्रमुख अली लारिजानीले ट्रम्प प्रशासनले भेनेजुएलामा जस्तै शासन परिवर्तनको योजना बनाएको आरोप लगाउनुभएको छ। "उनीहरूको सोच यो भेनेजुएलामा जस्तै हुनेछ भन्ने थियो-उनीहरूले आक्रमण गर्नेछन्, नियन्त्रण लिनेछन् र सबै समाप्त हुनेछ", उहाँले राज्य टेलिभिजनमा प्रसारित अन्तर्वार्तामा भन्नुभएको थियो, "तर अहिले उनीहरू आफैँ जटिल अवस्थामा परेका छन्।"

इरानका न्यायपालिका प्रमुख घोलामहोसेन मोहसेनी एजेईले पनि मध्यपूर्वका ती देशहरूलाई चेतावनी दिनुभएको छ जसलाई उहाँले 'खुला वा गोप्य रूपमा शत्रुको नियन्त्रणमा रहेका' भन्दै आलोचना गर्नुभएको थियो। उहाँले त्यस्ता लक्ष्यहरूमाथि आक्रमण जारी रहने चेतावनी दिनुभयो।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले पनि आइतबार चेतावनी दिँदै कुनै छिमेकी देशको भूमि इरानविरुद्ध आक्रमण गर्न प्रयोग भए त्यसको जवाफ दिन तेहरान बाध्य हुने बताउनुभयो।

यस क्रममा इरानले यस क्षेत्रका अमेरिकी सम्पत्तिलाई लक्ष्य बनाउने चेतावनी दिएको छ। साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स र कुवेतले आइतबार विभिन्न प्रकारका आक्रमणको प्रयास भएको जानकारी दिएका छन्।

कतारका अनुसार शनिबार इरानबाट दुईवटा क्रुज मिसाइल र १० वटा ब्यालेस्टिक मिसाइल प्रहार गरिएको थियो। संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयले पनि इरानबाट प्रक्षेपण गरिएका मिसाइल र ड्रोनहरू अवरोध गरिएको जनाएको छ।

शनिबार सार्वजनिक भएको भिडियो फुटेजमा दुबई अन्तर्राष्ट्रिय विमानस्थल नजिकै एउटा प्रक्षेप्य दुर्घटनाग्रस्त भएको देखिएको थियो। त्यस्तै एएफपीका पत्रकारहरूले इराकको बगदाद र इरबिलमा पनि विस्फोटको आवाज सुनेका थिए।

इरानभित्र पनि युद्धको असर बढ्दै गएको छ। पूर्वाधार तथा आवासीय क्षेत्रहरूमा क्षति बढिरहेको छ भने सर्वसाधारणबीच चिन्ता र असुरक्षाको भावना फैलिएको बताइएको छ।

एक २६ वर्षीया शिक्षिकाले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा एएफपीसँग भन्नुभयो, "युद्ध प्रत्यक्ष अनुभव नगरेको मानिसले यसको भयावहता बुझ्न सक्दैन।"

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार शुक्रबारसम्म युद्धका क्रममा कम्तीमा ९२६ जना सर्वसाधारणको मृत्यु भएको छ भने करिब छ हजार जना घाइते भएका छन्। यद्यपि एएफपीले यी तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन।

यसैबीच लेबनान पनि द्वन्द्वको चपेटामा परेको छ। खामेनीको मृत्युको प्रतिक्रियामा केही लडाकू समूहले इजरायलमाथि रकेट तथा ड्रोन प्रहार गरेपछि इजरायलले बेरुतको दक्षिणी उपनगरस्थित हेजबुल्लाहको बलियो आधार क्षेत्रमा हवाई आक्रमण सुरु गरेको हो।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो हप्तामा इजरायली हवाई आक्रमणमा कम्तीमा २९४ जनाको मृत्यु भएको छ। लेबनानका प्रधानमन्त्री नवाफ सलामले यस अवस्थालाई 'मानवीय प्रकोप' बन्न सक्ने चेतावनी दिनुभयो।

यसैबीच शनिबार इजरायलले इरानका सैन्य एकेडेमी, भूमिगत कमान्ड सेन्टर तथा मिसाइल भण्डारण स्थलहरूलाई लक्षित गर्दै युद्ध सुरु भएयताकै सबैभन्दा ठूलो हवाई आक्रमण गरेको जनाएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलले तेहरानको आकाशमा लगभग पूर्ण नियन्त्रण हासिल गरेको दाबी गर्नुभएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले पनि इरान आणविक हतियार विकासको नजिक पुगेको दाबी दोहोर्‍याउनुभएको छ। उहाँले इरानको समृद्ध युरेनियम भण्डार सुरक्षित गर्न अन्ततः अमेरिकी सेना प्रयोग गर्नुपर्ने अवस्था आउन सक्ने सङ्केत पनि गर्नुभयो।

यसैबीच इरानको मिनाब सहरस्थित एक प्राथमिक विद्यालयमा शनिबार भएको घातक आक्रमणमा कम्तीमा १५० जनाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्। उक्त घटनाका लागि इरानले अमेरिकालाई दोष दिएको छ भने अमेरिका र इजरायल दुवैले जिम्मेवारी अस्वीकार गरेका छन्। एएफपीले पनि घटनाको स्वतन्त्र पुष्टि गर्न सकेको छैन।

विश्लेषकहरूका अनुसार हाल देखिएको सङ्घर्ष छिट्टै अन्त्य हुने सङ्केत देखिएको छैन। अमेरिका र इजरायलका अधिकारीहरूले समेत यो द्वन्द्व कम्तीमा एक महिना वा त्योभन्दा लामो समयसम्म जारी रहन सक्ने अनुमान गरेका छन्।

यसैबीच वासिङ्टनले इरानमा स्वीकार्य नेतृत्व आए अर्थतन्त्र पुनर्निर्माणमा सहयोग गर्न सकिने सङ्केत दिएको छ। तर तेहरानले यस प्रस्तावलाई अस्वीकार गरेको छ।

इरानसँग नजिकको सम्बन्ध भए पनि चीन र रुस भने हालसम्म यस द्वन्द्वमा प्रत्यक्ष रूपमा सक्रिय देखिएका छैनन्।

चीनका विदेशमन्त्री वाङ यीले आइतबार मध्यपूर्वमा सुरु भएको युद्धबारे टिप्पणी गर्दै यस्तो द्वन्द्व कहिल्यै सुरु हुनु नपर्ने बताउनुभएको छ।

"यो यस्तो युद्ध हो जुन कहिल्यै हुनु हुँदैन थियो", उहाँले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभएको थियो, "सैन्य शक्तिले उचित कारण प्रमाणित गर्दैन, संसार फेरि जङ्गलको नियममा फर्किन सक्दैन।"

# इरान आफ्नो भू-भाग र जनतालाई सुरक्षित राख्नेछ : इरानी राष्ट्रपति

एएफपी

इरानी राष्ट्रपति इरानी राष्ट्रपति मसउद पेज़ेश्कियनले आइतबार स्पष्ट रूपमा इरानीहरूले आफ्नो देशको एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न नदिने बताउनुभएको छ। उहाँले यो कुरा तेहरानमा स्वास्थ्यमन्त्री मोहम्मद-रेजा जाफरघन्दीसँगको बैठकमा साझा गर्नुभयो।

राष्ट्रपतिका अनुसार, केही शत्रुहरूले उहाँका शनिबारका पूर्व वक्तव्यलाई गलत अर्थमा लिइरहेका छन् र इरान र छिमेकी राष्ट्रबीच भ्रम सिर्जना गर्ने प्रयास गरिरहेका छन्। उहाँले भन्नुभयो," इरान सधैं आफ्नो छिमेकी राष्ट्रसँग शान्तिपूर्ण र भाइचारा पूर्ण सम्बन्ध कायम राख्न इच्छुक छ।"



पेज़ेश्कियनले थप स्पष्ट पार्नुभयो, "यदि कुनै देशको भूमिबाट इरानमाथि हमला हुन्छ भने, हामी आफ्नो देशको सुरक्षा सुनिश्चित गर्न जवाफ दिन सक्छौं। तर यसको अर्थ यो होइन कि हामी ती देश वा जनतासँग विवादमा छौं। हामी ती प्रिय जनतालाई सम्मान गर्दै, जो क्षेत्रीय तनावबाट प्रभावित छन्, क्षमायाचना व्यक्त गर्दछौं।"

"हालको चुनौतीपूर्ण परिस्थितिमा पनि इरानी जनता एकजुट छन् र आफ्नो देशको एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न पाउने छैन।"

फेब्रुअरी २८ मा, इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य शहरहरूमा हमला गर्दा सुप्रीम लिडर आयातोल्लाह अली खमेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र सर्वसाधारणको मृत्यु भएको थियो। त्यसपछि इरानले मध्यपूर्वमा अमेरिकी र इजरायली बेसहरूलाई लक्षित गर्दै बहु-लहरका मिसाइल र ड्रोन हमला गरिरहेको छ।

यस द्वन्द्वले न केवल क्षेत्रीय तनाव बढाएको छ, तर तेल उत्पादन र विश्व ऊर्जा बजारमा असरको चिन्ता पनि उत्पन्न गरेको छ।

इरानी संसदका सभापति मोहम्मद बघेर गालिबाफले भन्नुभयो,"युद्ध जारी रह्यो भने पश्चिमी एशियामा तेल उत्पादन र निर्यातमा असर पर्न सक्छ।" उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका तेल मूल्यसम्बन्धी टिप्पणीको आलोचना गर्दै भने कि मूल्य वृद्धिले पूर्वानुमान विपरित देखाएको छ। गालिबाफले थप्नुभयो, "यदि द्वन्द्व जारी रह्यो भने केवल अमेरिकी मात्र नभई अन्य देशहरूको तेल उत्पादन र निर्यातमा पनि असर पर्न सक्छ। यसले क्षेत्रीय अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्नेछ।"

# खामेनीका उत्तराधिकारीबारे बहुमत सहमति



एएनआई

इरानका दिवङ्गत सर्वोच्च नेता आयातुल्ला अली खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा महत्त्वपूर्ण प्रगति भएको बताइएको छ। तेहरानस्थित मेहर समाचार एजेन्सी (एमएनए) का अनुसार इरानको शक्तिशाली धार्मिक निकाय 'एसेम्बली अफ एक्सपर्ट्स' भित्र खामेनीको उत्तराधिकारीको विषयमा बहुमत सहमति बनेको जनाइएको छ, यद्यपि औपचारिक घोषणा भने अझै हुन बाँकी रहेको छ।

एसेम्बली अफ एक्सपर्ट्सका सदस्य मिरबाकेरीलाई उद्धृत गर्दै उक्त प्रतिवेदनले उत्तराधिकारी चयनको विषयमा अधिकांश सदस्यहरूबीच सहमति बनेको उल्लेख गरेको छ। तर केही प्रक्रियागत अवरोधहरू समाधान गर्न बाँकी रहेकाले नेतृत्व हस्तान्तरणको प्रक्रिया अझै पूर्ण रूपमा सम्पन्न नभएको बताइएको छ।

खामेनीको हत्या भएपछि उत्पन्न नेतृत्व शून्यताबीच उत्तराधिकारी चयनको प्रक्रिया अघि बढिरहेको हो। ८६ वर्षका खामेनीको मृत्यु अमेरिकासँग सम्बन्धित र इजरायली आक्रमणसँग जोडिएको घटनामा भएको बताइएको छ। त्यसपछि इरानको राजनीतिक तथा सुरक्षा अवस्था थप संवेदनशील बनेको छ।

यसबीच इरानको नेतृत्व परिषद्ले पनि उत्तराधिकारी नियुक्ति प्रक्रिया अगाडि बढिरहेको सङ्केत दिएको छ। यस हप्ताको बुधबार परिषद्ले राज्य सञ्चारमाध्यमलाई चाँडै नै नयाँ सर्वोच्च नेता नियुक्त गरिने जानकारी दिएको थियो।

तस्निम समाचार एजेन्सीले सार्वजनिक गरेको भिडियोमा एक सरकारी अधिकारीले राज्य टेलिभिजनसँग कुरा गर्दै नेतृत्वको विषयमा कुनै जटिल समस्या उत्पन्न नभएको बताएका छन्। उनका अनुसार हाल नेतृत्व परिषद्ले नै देशको प्रशासनिक जिम्मेवारी सम्हालिरहेको छ।

"भगवानको कृपाले हामी निर्णयको नजिक पुगेका छौँ, तर अहिलेको परिस्थिति युद्धको अवस्था हो", उहाँले उनले भनेका थिए।

उनले हालको सङ्क्रमणकालीन अवस्थालाई इरानका संस्थापक नेता आयातोल्लाह रुहोल्लाह खामेनीको निधनपछि भएको नेतृत्व परिवर्तनसँग तुलना गरेका छन्। उनका अनुसार त्यसबेला तत्कालै नयाँ नेता नियुक्त गर्न सम्भव भएको थियो, किनकि देश युद्धको अवस्थामा थिएन। अहिले भने क्षेत्रीय तनाव र सैन्य द्वन्द्व जारी रहेकाले प्रक्रिया केही जटिल बनेको उल्लेख गरिएको छ।

यद्यपि यस्तो परिस्थितिमा पनि एसेम्बली अफ एक्सपर्ट्स सक्रिय रूपमा नयाँ सर्वोच्च नेता चयन गर्ने प्रक्रियामा जुटिरहेको उनले बताए।

यसबीच सम्भावित उत्तराधिकारीका विषयमा विभिन्न अड्कलबाजी पनि भइरहेका छन्। इजरायली सञ्चारमाध्यमहरूले खामेनीका छोरा मोजताबा खामेनीलाई उत्तराधिकारीका रूपमा चयन गरिएको दाबी गरेका थिए।

तर इरान सरकारले ती दाबीहरूलाई अस्वीकार गरेको छ। मुम्बईस्थित इरानी महावाणिज्य दूतावासले सामाजिक सञ्जाल एक्समार्फत वक्तव्य जारी गर्दै उत्तराधिकारीका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित समाचारहरूको कुनै आधिकारिक आधार नभएको जनाएको छ।

वक्तव्यमा भनिएको छ, "इरानको एसेम्बली अफ एक्सपर्ट्सद्वारा चयन गरिने नेतृत्वका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित रिपोर्टहरूको कुनै आधिकारिक स्रोत छैन र ती दाबीहरू आधिकारिक रूपमा अस्वीकार गरिएको छ।"

यद्यपि इजरायली मिडियाले मोजताबा खामेनी चयन भएको दाबी गरे पनि इरानका सरकारी सञ्चारमाध्यमले त्यसको स्वतन्त्र पुष्टि गरेका छैनन्।

राजनीतिक रूपमा नयाँ नेतृत्व चयनको प्रक्रिया अघि बढिरहेका बेला इरानमा दिवङ्गत सर्वोच्च नेता खामेनीप्रति श्रद्धाञ्जली कार्यक्रम पनि सुरु भएको छ। इरानको राज्य सञ्चारमाध्यमका अनुसार तेहरानस्थित इमाम खामेनी प्रार्थना मैदानमा आज राति नागरिकहरूले खामेनीलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम तय गरिएको छ।

ती श्रद्धाञ्जली कार्यक्रम तीन दिनसम्म सञ्चालन हुने अपेक्षा गरिएको छ। अन्तिम अन्त्येष्टि जुलुसको मिति र स्वरूप भने औपचारिक निर्णय भएपछि घोषणा गरिने बताइएको छ।

खामेनीको मृत्यु भएको घटनापछि मध्यपूर्व क्षेत्रमा तनाव तीव्र रूपमा बढेको छ। अमेरिका र इजरायलसँग सम्बन्धित आक्रमणमा खामेनीसहित इरानका केही वरिष्ठ अधिकारीहरू मारिएको बताइएको छ।

# मध्यपूर्व युद्धप्रति चीनको कडा आपत्ति, अमेरिकालाई सम्बन्ध सुधार्न आग्रह

एएफपी

चीनका विदेशमन्त्री वाङ यीले मध्यपूर्वमा फैलिएको युद्धप्रति कडा असन्तोष व्यक्त गर्दै अन्तर्राष्ट्रिय विवाद समाधानका लागि शक्ति प्रयोगभन्दा संवाद र सहकार्य आवश्यक रहेको बताउनुभएको छ। उहाँले विशेष गरी अमेरिकासँगको सम्बन्ध व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउँदै दुई शक्तिबीचको मतभेदलाई जिम्मेवार ढङ्गले सम्हाल्न आग्रह गर्नुभयो।

चिनियाँ राजधानी बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै विदेशमन्त्री यीले इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणबाट सुरु भएको द्वन्द्व विश्व शान्तिका लागि चिन्ताजनक भएको बताउनुभयो। उहाँका अनुसार यस्तो युद्ध सुरु हुनु नै नपर्ने थियो। उहाँले बल प्रयोगलाई समस्याको समाधानका रूपमा स्वीकार गर्न नसकिने स्पष्ट पार्नुभयो।

"सैन्य शक्तिले उचित कारण सिद्ध हुँदैन", उहाँले भन्नुभयो, "संसार फेरि जङ्गलको नियममा फर्किन सक्दैन।"

चीनको वार्षिक राजनीतिक कार्यक्रम 'दुई सत्र' का अवसरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले यस्तो धारणा व्यक्त गर्नुभएको हो। चीनको संसद् र राजनीतिक परामर्शदात्री निकायका समानान्तर बैठकहरू यसै साता सुरु भएका छन्। यी बैठकहरूलाई बदलिँदो भू-राजनीतिक परिस्थितिमा चिनियाँ नेतृत्वका नीति र प्राथमिकताबारे सङ्केत दिने महत्त्वपूर्ण राजनीतिक घटनाका रूपमा हेरिन्छ।

उक्त पत्रकार सम्मेलनमा यीले चीन-अमेरिका सम्बन्ध, व्यापारिक तनाव, दक्षिण चीन सागरमा देखिएको क्षेत्रीय विवाद, मध्यपूर्वको द्वन्द्व तथा युक्रेन युद्धलगायतका विषयमा विस्तृत रूपमा टिप्पणी गर्नुभएको थियो।

उहाँका अनुसार सन् २०२६ चीन र अमेरिकाबीचको सम्बन्धका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण वर्ष बनेको छ। दुई शक्तिबीच प्रतिस्पर्धा बढ्दै गए पनि सम्बन्ध व्यवस्थापन गर्नु दुवै पक्षका लागि आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।



गत वर्ष डोनाल्ड ट्रम्प पुनः अमेरिकी राष्ट्रपति बनेपछि वासिङ्टन र बेइजिङबीचको सम्बन्ध अझ तनावपूर्ण बनेको छ। त्यसपछि दुवै देशले एकअर्काका उत्पादनमा प्रतिशोधात्मक शुल्क लगाउँदै व्यापार युद्धलाई तीव्र बनाएका छन्।

"हामीले केही देशहरूले कर अवरोधहरू खडा गरेको र आर्थिक निर्भरता घटाउने तथा आपूर्ति शृङ्खलामा अवरोध सिर्जना गर्ने प्रयास गरिरहेको देखेका छौँ", उहाँले भन्नुभयो। उहाँले त्यस्ता कदमलाई समस्या समाधानभन्दा झन् जटिल बनाउने नीति भएको टिप्पणी गर्नुभयो।

"यस्ता कार्यहरू आगो निभाउन इन्धन प्रयोग गर्नुजस्तै हुन्", उहाँले भन्नुभयो, "अन्ततः यसले उल्टै प्रहार गर्छ र आफूलाई नै क्षति पुर्‍याउँछ।"

उहाँका अनुसार चीन र संयुक्त राज्य अमेरिका एकअर्कालाई परिवर्तन गराउन सक्ने अवस्थामा छैनन्, तर आपसी सम्बन्ध सञ्चालन गर्ने तरिका भने सुधार गर्न सकिन्छ। त्यसैले दुवै पक्षले संवादको वातावरण सिर्जना गर्न, विद्यमान मतभेदलाई व्यवस्थापन गर्न र अनावश्यक हस्तक्षेप हटाउन प्रयास गर्नुपर्ने उहाँले बताउनुभयो।

यद्यपि दुई देशबीच विभिन्न मुद्दामा गहिरा मतभेद कायम रहेका छन्। बेइजिङले इरानमाथि अमेरिका र इजरायलले गरेको सैन्य आक्रमणको कडा आलोचना गर्दै आएको छ। इरानसँग चीनको कूटनीतिक र व्यापारिक सम्बन्ध नजिक रहेको मानिन्छ।

विशेषगरी इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या भएको घटनाप्रति चीनले कडा विरोध जनाएको छ।

त्यसैगरी विदेशमन्त्री यीले रूससँग चीनको सम्बन्ध स्थिर र दृढ रहेको बताउनुभयो। युक्रेन युद्धका कारण पश्चिमी देशहरूले मस्कोमाथि आलोचना गरिरहे पनि चीन-रूस सम्बन्ध 'स्थिर र अडिग' रहेको उहाँको भनाइ थियो।

चीनले पछिल्लो समय अमेरिकी विदेश नीतिको अनिश्चितताबाट कूटनीतिक अवसर खोजिरहेको विश्लेषकहरू बताउँछन्। विशेष गरी ट्रम्प प्रशासनको अप्रत्याशित नीतिका कारण परम्परागत अमेरिकी साझेदार देशहरूले वैकल्पिक सहकार्य खोज्न थालेको चीनको दाबी छ।

यसै सन्दर्भमा फ्रान्स, क्यानाडा, फिनल्यान्ड र बेलायतलगायत विभिन्न देशका नेताहरू हाल बेइजिङमा भेला भएका छन्। ग्रिनल्यान्ड कब्जा गर्ने ट्रम्पको प्रस्ताव र नाटो साझेदारहरूमाथि कर लगाउने धम्कीपछि केही पश्चिमी मुलुकहरूबीच असन्तोष बढेको बताइन्छ।

यीले युरोपेली नेताहरूको चीन भ्रमणलाई सकारात्मक सङ्केतका रूपमा स्वागत गर्नुभयो। उहाँले धेरै युरोपेली नीति-निर्माताहरूले चीनलाई प्रतिस्पर्धीभन्दा विश्वव्यापी साझेदारका रूपमा हेर्न थालेको उल्लेख गर्नुभयो।

"हामीले देखिरहेका छौँ कि धेरै अन्तर्दृष्टिपूर्ण युरोपेलीहरू चीन प्रतिस्पर्धी मात्र होइन, विश्वव्यापी साझेदार हो भन्ने बुझाइमा पुगेका छन्", उहाँले भन्नुभयो।

"हामी युरोपेली साझेदारहरूलाई संरक्षणवादी सोचबाट बाहिर निस्केर चिनियाँ बजारमा आएर प्रतिस्पर्धा गर्न स्वागत गर्छौं", उहाँले भन्नुभयो। त्यहाँ प्रतिस्पर्धा गर्दै आफ्नो आर्थिक क्षमता सुदृढ बनाउन सकिने उहाँको भनाइ थियो।

आर्थिक सम्बन्ध विस्तार गर्ने प्रयासस्वरूप चीनले फ्रान्स, जर्मनी र बेलायतसहित करिब ५० देशका नागरिकलाई भिसा-मुक्त यात्रा सुविधा प्रदान गर्ने व्यवस्था गरेको छ।

यसका साथै बेइजिङले क्यानाडा र बेलायतबाट चीनतर्फ हुने केही निर्यात वस्तुमा लाग्ने शुल्क घटाउन पनि सहमति जनाएको जनाएको छ।

पत्रकार सम्मेलनमा मन्त्री यीले चीन-जापान सम्बन्धबारे पनि टिप्पणी गर्नुभयो। गत नोभेम्बरमा जापानी प्रधानमन्त्री साने ताकाइचीले ताइवानको अवस्थाबारे टिप्पणी गर्दै सम्भावित परिस्थितिमा जापानले भूमिका खेल्न सक्ने सङ्केत गरेपछि दुई देशबीच केही मतभेद देखिएको थियो।

बेइजिङले ताइवानलाई आफ्नो अभिन्न भूभाग मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गरेर पनि पुनःएकीकरण गर्ने सम्भावनालाई अस्वीकार गरेको छैन।

यीले ताइवान सम्बन्धी विषय चीनको मूल राष्ट्रिय चासोको केन्द्रमा रहेको स्पष्ट पार्नुभयो। उहाँका अनुसार ताइवानलाई चीनबाट अलग पार्ने प्रयास कसैले पनि सफल बनाउन सक्ने अवस्था छैन।

दोस्रो विश्वयुद्धताका जापानले गरेको औपनिवेशिक विस्तारलाई सङ्केत गर्दै यीले टोक्योलाई त्यस्तै 'विनाशकारी गल्ती' पुनः नदोहोर्‍याउन चेतावनी दिनुभयो। चीनले कुनै पनि शक्तिलाई उपनिवेशवादको पक्षमा उभिन नदिने उहाँले स्पष्ट पार्नुभयो।

ताइवानको प्रश्नलाई 'लक्ष्मण रेखा' का रूपमा व्याख्या गर्दै उहाँले यसलाई पार गर्ने वा कुल्चने प्रयास स्वीकार्य नहुने कडा चेतावनी दिनुभयो।

# पूर्वअर्थमन्त्रीहरू भारी मतान्तरले पराजित

काठमाण्डु । जेन- जी आन्दोलनपछि भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अधिकांश पूर्वअर्थमन्त्रीहरु पराजित भएका छन् ।

दशकौँदेखि राज्य सत्ताको बागडोर सम्हालेका अनुभवी नेताहरूसमेत पराजय भोग्नुपरेको यसपटकको निर्वाचनमा राज्यको ढुकुटी व्यवस्थापन गरेका पूर्वअर्थमन्त्रीहरू पनि पराजित हुनु परेको छ ।

२०७९ सालको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी चौथो ठूलो दल थियो । रास्वपा दुईपटक सरकारमा गए पनि सो दलबाट अर्थ मन्त्रालयको जिम्मेवारी भने कसैले पनि पाउन सकेका थिएनन् । त्यसो हुँदा नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पूर्वअर्थमन्त्रीहरु चुनावी मैदानका उत्रिएकोमा एकजना बाहेक सबै पराजित भएको छ ।

पूर्वअर्थमन्त्रीहरुमध्ये नेपाली कम्युनिष्ट पार्टीका वर्षमान पुनमात्रै निर्वाचित भएका छन् ।

भ्रष्टाचार तथा गलत शासकीय अभ्यासका कारण राजनीतिक दल तथा नेताप्रति आम नागरिकको आक्रोश जनमतमा परिणत भएपछि अहिले राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ तीन चौथाईभन्दा बढी सिट जितेको छ । सोही क्रममा बारम्बार अर्थमन्त्री भएका पार्टीका शक्तिशाली नेताहरुलाई पनि जनताले दण्डित गरेका छन् ।

एमालेका उपाध्यक्ष तथा पाँचपटक अर्थमन्त्री भएका नेता विष्णुप्रसाद पौडेल रुपन्देही क्षेत्र नं २ बाट फराकिलो मतान्तरले पराजित भएका छन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टीका सुलभ खरेलसँग हारेका हुन । खरेलले ५६ हजार ५ सय ५० मत ल्याउँदा पौडेलले १२ हजार ८ सय ६१ मत मात्र पाएको निर्वाचन आयोगले जनाएको छ । पौडेल २०७२ देखि हालसम्म ५ पटक अर्थमन्त्री बनिसकेका छन् ।

गत भदौ २२ र २३ गतेको अन्दालन हुनु भन्दा अघि पनि अर्थमन्त्री नै थिए । यसभन्दा अघि २०७९ को निर्वाचनमा पौडेलले रूपन्देहीको सोही निर्वाचन क्षेत्रबाट पटकपटक निर्वाचन जितेका थिए ।

पराजित भएपछि उनले विगतमा आफ्नातर्फबाट भएका गल्ती कमजोरीहरूको गम्भिर समीक्षा गर्ने बताएका छन् । 'जनअपेक्षा अनुसार आफैँलाई रुपान्तरण गर्न र नेकपा (एमाले)को नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षा अनुरुप पुनर्गठन गर्न अग्रसरता लिने र अविचलित भएर जनता र राष्ट्रको सेवामा समर्पित भैरहने प्रतिबद्धता व्यक्त गर्दछु,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

पूर्वअर्थमन्त्री तथा प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्मा रुकुम पश्चिमबाट हार बेहोरेका छन् । चुनावको केही समयअघि मात्रै आफ्नो पुरानो पार्टी नेकपा एकीकृत माओवादी छोडेर प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका उनी पुरानै पार्टीका उम्मेदवारसँग पराजित हुन पुगेका हुन् ।

१४ हजार ३ सय ४६ मत ल्याएका उनले तेस्रो स्थानमा चित्त बुझाउनु परेको छ । उनका प्रतिस्पर्धा नेपाली कम्युनिष्ट पार्टीका गोपाल शर्माले २१ हजार ६ सय ९ मत ल्याई विजयी भए । दोस्रो स्थापनमा नेपाली कांग्रेसका राजु केसीले १६ हजार ६ सय ६१ मत सहित दोस्रो स्थान हासिल गरेका थिए ।

उनी रुकुम जिल्लाबाट २०६४ साल यताका निर्वाचनमा निरन्तर विजयी हुँदै आएका थिए । २०७८ मा कांग्रेस पुर्व सभापति शेरबहादुर देउवा नेतृत्व सरकारमा शर्मा अर्थमन्त्री बनेका थिए । उनले बजेट निर्माण गर्ने क्रममा व्यवसायीका प्रतिनिधिलाई राखेको आरोप लगेपछि राजीनामा दिएका थिए । संसदीय छानविन समितिले उनलाई निर्दोष ठहर गरेपछि उनी पुन अर्थमन्त्री भएका थिए । नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्प कमल दाहालसँगको असन्तुष्टिपछि शर्मा प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका थिए ।

नेपाली कांग्रेसका नेता तथा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की सुनसरी- ४ बाट पराजित हुन लागेका छन् । उनलाई कार्कीलाई राष्ट्रिय स्वतन्त्र पार्टीका दिपककुमार शाहले हराउँदै छन् । निर्वाचन आयोगका अनुसार कार्कीले १३ हजार ३ सय ७८ मत पाउँदा शाहले ३५ हजार ३ सय ९८ मत पाइसकेका छन् । कार्की २०७४ जेठमा शेरबहादुर देउवा प्रधानमन्त्री भएको सरकारका अर्थमन्त्री थिए ।

त्यस्तै, कांग्रेसकै वरिष्ठ नेता डा. प्रकाशशरण महत नुवाकोट निर्वाचन क्षेत्र एकबाट प्रतिस्पर्धामा छन् । सो निर्वाचन क्षेत्रको अन्तिम नतिजा आएको छैन र उनी राष्ट्रिय स्वतन्त्र पार्टीका विक्रम तिमिल्सिनाभन्दा पछि परेका छन् । महतले हालसम्ममा १५ हजार एक सय ११ मत पाएका छन् भने रास्वपाका तिमिल्सिनाले १८ हजार एक सय ४४ मत सहित अग्रस्थानमा छन् । महत तिमिल्सिना भन्दा ३ हजार भन्दा धेरै मतले पछाडि छन् ।



यसपटक निर्वाचनमा भाग लिएका पूर्व अर्थमन्त्रीहरुमध्ये वर्षमान पुन मात्रै विजयी भएका छन् । उनी रोल्पाबाट २७ हजार ४ सय ६० मत प्रप्त गर्दै विजय भएका हुन् । उनले नेपाली कांग्रेसका सुदनकुमार वलीलाई ठुलो मतान्तरले हराएका हुन । वलीले १२ हजार ८ मत प्राप्त गरेका छन् । पुन हालसम्म २ पटक अर्थमन्त्री भैसकेका छन् ।

पूर्वअर्थ राज्यमन्त्री उदयशमशेर राणा पनि निर्वाचनमा पराजित भएका छन् । ललितपुर क्षेत्र नम्बर १ बाट चुनाव उठेका उनी रास्वपाका उम्मेदवार बुद्धरत्न महर्जनसँग पराजित भएका छन् । महर्जनले २३ हजार ३ सय ७३ मत ल्याउँदा जबराले १३ हजार ५ सय २० मत मात्रै प्राप्त गर्न सकेका छन् ।

# रास्वपाले चुनावअघि देखाएको थियो विनिमय दर फेर्ने र क्रिप्टो माइनिङ गर्ने आशा

काठमाण्डु ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा सबैभन्दा ठूलो दल बनेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकार गठनको तयारीमा छ ।

निर्वाचनअघि सार्वजनिक गरिएको चुनावी वाचापत्रमा रास्वपाले आर्थिक सुधारलाई केन्द्रमा राख्दै उत्पादकत्व वृद्धि, नियामक सुधार, लगानीमैत्री वातावरण, 'डिजिटल' अर्थतन्त्र, वित्तीय क्षेत्र सुधारलगायत विषयलाई प्रमुख 'एजेन्डा' बनाएको थियो । अब सरकार गठनपछि ती प्रतिबद्धताहरू कार्यान्वयन कसरी अघि बढ्छन् भन्ने स्वाभाविक चासोको विषय हो । राससले रास्वपाको वाचापत्रमा राखिएका आर्थिक एजेन्डालाई केलाएको छ ।




आर्थिक उन्नयनको मूल आधारका रूपमा थितिसहितको आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि गर्ने रास्वपाको वाचापत्रमा उल्लेख गरेको छ । सीमित समय, पुँजी र साधनस्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्नुलाई दीर्घकालीन समृद्धिको मार्गका चित्रित गरिएको छ । यसका लागि जोखिम बहन गर्न तत्पर निजी लगानी र सक्षम, पारदर्शी तथा सहजीकरणमुखी सार्वजनिक भूमिकाको प्रभावकारी समन्वय आवश्यक रहेको वाचापत्रमा उल्लेख छ ।

चुनावी घोषणापत्रमा निजी क्षेत्रले रोजगारी सृजना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पुँजी प्रवाहमा अग्रणी भूमिका खेल्ने र सरकारको भूमिका नियामक तथा सहजीकरणकर्ताको मात्र हुने स्पष्ट पारिएको छ ।

त्यस्तै, नीतिगत दोहन तथा कृत्रिम अवरोधहरूको अन्त्य गर्दै नवप्रवर्तन, उद्यमशीलता र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने सर्वाधिक उद्यममैत्री व्यावसायिक वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि पार्टीले जनाएको थियो ।

युवा-केन्द्रित जनसाि्यक लाभांशलाई अवसरमा रूपान्तरण गर्दै आगामी १०-१५ वर्षभित्र संरचनात्मक आर्थिक रूपान्तरण हासिल गर्न नसके दीर्घकालीन रूपमा न्यून आय जालमा फस्ने यथार्थप्रति पार्टी सजग रहेको जनाइएको थियो । त्यसैले उत्पादकत्व वृद्धि, सीप विकास, पुँजी निर्माण र प्रविधि-आधारित औद्योगिकीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने उल्लेख छ ।

कार्टेल, अस्वस्थ प्रतिस्पर्धा, रेन्ट-सिकिङ तथा नीतिगत दोहनजस्ता विकृतिहरू नियन्त्रण गर्न राजनीतिक हस्तक्षेपबाट मुक्त, पेशागत, पारदर्शी र शक्तिशाली नियामकीय निकायहरूको निर्माण तथा सुदृढीकरण गरिने पनि वाचापत्रमा उल्लेख छ । राजनीति र नियमनबीचको अनुचित साँठगाँठ अन्त्य गर्दै नवप्रवर्तन, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक उत्तरदायित्वलाई सन्तुलित रूपमा प्रवर्द्धन गर्ने सामाजिक बजार अर्थतन्त्रको रूपरेखाभित्र नेपालको यथार्थ अनुकूल, सन्तुलित र दिगो आर्थिक मोडल अवलम्बन गरिने पनि जनाइएको छ ।

निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणलाई सन्तुलित रूपमा संयोजन गरिने विषय वाचापत्रमा राखिएको छ । अबको लोककल्याणकारी राज्य लाभ वितरणमा मात्र सीमित नभई वृद्धिको स्वरूपलाई रूपान्तरण गर्दै दीर्घकालीन आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनको आधार निर्माण गर्ने लक्ष्य पनि राखिएको छ ।

आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गरिने घोषणा गरिएको थियो । झन्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृत लाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रहरूमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गरिने उल्लेख छ ।

पहिलो दल रास्वपाले नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक' बनाउन अर्को पाँच वर्ष औसत आर्थिक वृद्धि दर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाल्ने लक्ष्य राखेको छ । यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य पनि लिइएको छ । कुन ऐन र नियमावली खारेज वा संशोधन गर्ने भन्ने निर्णयको आधार स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसङ्घ र उद्योग वाणिज्य महासङ्घका सुझाव लिइने पनि उल्लेख छ ।

सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने दल भएकाले निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करको बोझ घटाइने बताइएको छ । कर कानुन तथा नियमहरू भूतप्रभावी ढङ्गले नलगाइने र नियोजित कर छली रोकिने उल्लेख छ । मध्यम वर्गीय परिवार र बालबालिकाको उज्ज्वल भविष्यका लागि 'पारिवारिक भार' का आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ ।

शिक्षा, स्वास्थ्य तथा पालनपोषण खर्चबापत निश्चित रकम करयोग्य आयबाट घटाउन पाउने कानुनी व्यवस्था गर्दै संस्थागत बचत कार्यक्रमहरूलाई प्रश्रय दिइने उल्लेख छ ।

त्यस्तै, भारतीय रूपैयाँसँग तीन दशकदेखि स्थिर विनिमय दर कायम रहेकामा विशिष्ट अन्तरराष्ट्रिय प्राज्ञहरूसमेतको सहभागितामा यस प्रणालीको अध्ययन र पुनरावलोकन गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित वान स्टप सेवा केन्द्रको कार्यान्वयन गरिने उल्लेख छ । डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क रूपमा व्यवसाय दर्ता गराउने व्यवस्था मिलाइने जनाइएको छ । राजस्व न्यायाधिकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरी भ्रष्टाचार नियन्त्रण गर्न चार्टर्ड एकाउन्टेन्टहरूको बाहुल्य रहेको दक्ष पेसागत इकाइ निर्माण गरिने पनि वाचापत्रमार्फत रास्वपाले आफ्नो नीति रहेको जनाएको छ ।

सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी केहीलाई गाभ्ने, केही निजी-सार्वजनिक मोडलमा लैजाने, केहीमा रणनीतिक साझेदार भित्र्याउने र अन्यलाई विकेन्द्रित गर्ने, र केहीको अचल सम्पत्तिको स्वामित्व सरकारका नाममा ल्याउने विकल्पमा अघि बढ्ने उल्लेख छ । सार्वजनिक आयोजनाहरूलाई स्पष्ट उद्देश्य, सुनिश्चित बजेट र समयसीमासहित लक्ष्य-केन्द्रित कार्यशैली (मिसन मोड) मा कार्यान्वयन गरिने र आयोजना सम्पन्न नभएसम्म प्रमुख तथा खटिएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था गरिने जनाइएको छ ।

विगत १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई आगामी दुई वर्षभित्र अनिवार्य सम्पन्न गर्नेगरी 'नतिजामुखी समयबद्ध कार्ययोजना' लागू गरिने उल्लेख थियो भने अबको पाँच वर्षमा १० वटा नयाँ विविधीकृत क्षेत्रका आयोजनाहरूलाई 'राष्ट्रिय गौरव' को सूचीमा समावेश गरी 'फास्ट ट्र्याक' मोडेलमा अगाडि बढाइने पनि वाचापत्रमा उल्लेख छ ।

सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैर-बैङ्किङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याइने उल्लेख छ । त्यस्तै, रु ५० करोडभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तहरूलाई अनिवार्य रूपमा राष्ट्र बैङ्कको कडा नियमनमा ल्याइने र साना संस्थाहरूको व्यवस्थित सञ्चालनका लागि एक उच्चाधिकार सम्पन्न 'दोस्रो तहको नियामक' गठन गरिने वाचापत्रमा जनाइएको छ ।

कर्जा प्रवाहमा हुने दोहोरोपन र 'ऋणको पासो' अन्त्य गर्न सहकारी र लघुवित्त दुवैलाई 'कर्जा सूचना केन्द्र' सँग जोडी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह हुने सुनिश्चित गरिने नीति रास्वपाले लिने वाचापत्रमा राखिएको छ । ब्याजदरलाई आधारदरसँग जोडेर केही प्रतिशत मात्र प्रिमियम लिन पाउने स्वचालित प्रणाली लागू गरी चर्को ब्याज र अनुचित सेवा शुल्कको अन्त्य गरिने बताइएको छ ।

सरकार गठन भएको सय दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गरिने र बचतकर्ताहरूको कमाई सुरक्षित गर्न राज्यका तर्फबाट एक 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गरिने उल्लेख छ । 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप बचत फिर्ता गर्न तयार सञ्चालक वा व्यवस्थापन पक्षलाई मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिने पनि जनाइएको छ । मिटर ब्याज र अनुचित लेनदेनलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोहरूलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पारिने उल्लेख छ । विगतमा गरिएका सबै अवैध तमसुक र कपाली तमसुकहरूको न्यायिक छानबिन गरी पीडितहरूको जग्गा र सम्पत्ति फिर्ता गराउन एक अधिकार सम्पन्न 'द्रुत न्याय कार्यदल' गठन गरिने पनि वाचापत्रमार्फत सार्वजनिक गरिएको थियो ।

पुँजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार गर्दै नेप्सेलाई अन्तरराष्ट्रिय स्तरको बनाइने, इन्साइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिने उल्लेख छ । पेन्सन फन्ड, बीमा, म्युचुअल फन्डलाई सक्रिय लगानी गर्न प्रोत्साहन गर्दै ऋण बजार र बन्ड बजारको विकास गरिने, गैर-आवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति बनाइने र वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याइने जनाइएको थियो ।

नेपालको विशिष्ट भूगोल र अवस्थालाई ध्यानमा राख्दै 'सीमारहित अर्थतन्त्र' को अवधारणालाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राखिने र श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई सेवा निर्यातमुखी तथा ज्ञान-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल रूपान्तरणलाई प्रमुख आधार बनाइने उल्लेख छ । यसका लागि परिमार्जित तथा विस्तारित बृहत् डिजिटल नेपाल फ्रेमवर्क निर्माण गरी नीति सुधार, पूर्वाधार विकास र सार्वजनिक-निजी लगानी अभिवृद्धि गरिने पनि घोषणापत्रमा उल्लेख थियो । रास्वपाले गत निर्वाचनका लागि सार्वजनिक गरेको चुनावी वाचापत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने 'रेमिट्यान्स'लाई उछिन्दै सूचना प्रविधि (आइटी) क्षेत्रलाई देशको प्रमुख आर्थिक आधार बनाउने महत्वाकाङ्क्षी योजना सार्वजनिक गरेको थियो । आइटी क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्ने उल्लेख गर्दै यसलाई देशको सबैभन्दा ठूलो निर्यातजन्य क्षेत्र बनाउने लक्ष्य लिएको छ । सूचना प्रविधि क्षेत्रको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य रास्वपाले लिएको छ । यस लक्ष्यलाई साकार पार्न पार्टीले एक स्वायत्त 'आइटी प्रवर्द्धन बोर्ड' गठन गर्ने जनाएको छ । यस क्षेत्रको विकासका लागि विशेष आयकर सहुलियत, वैदेशिक लगानी भित्र्याउन र नाफा स्वदेश फिर्ता लैजान सरल नीति तथा बौद्धिक सम्पत्ति धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

नेपाललाई 'ग्लोबल टेक हब' का रूपमा विकास गर्न रास्वपाले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गर्ने योजना सार्वजनिक गरेको छ । यसबाट प्रत्यक्ष रूपमा पाँच लाख युवालाई रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ । यसका लागि डिजिटल इकोसिस्टम निर्माणमा जोड दिँदै सञ्चार पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा र साइबर सुरक्षामा ठूलो लगानी गरिने उल्लेख छ ।

रास्वपाले नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै सबै आर्थिक कारोबारलाई एकीकृत डिजिटल प्लेटफर्ममा आबद्ध गरी 'क्यासलेस सोसाइटी' निर्माण गर्ने योजना अघि सारेको छ । यसले भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रणमा मद्दत पुग्ने वाचापत्रमा उल्लेख छ । स्वदेशी स्टार्टअपहरूलाई विश्वव्यापी बजारसँग जोड्न 'अन्तरराष्ट्रिय पेमेन्ट गेटवे' का कानुनी र प्राविधिक अवरोधहरू तत्काल हटाउने प्रतिबद्धता पनि पार्टीले जनाएको छ ।

रास्वपाले नेपाललाई कच्चा विद्युत् मात्र निर्यात गर्ने देशबाट 'कृत्रिम बौद्धिकता' (एआई) र 'कम्प्युटेसन' शक्ति निर्यात गर्ने देशमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ । नेपालको स्वच्छ ऊर्जा, चिसो मौसम र भौगोलिक संरचनालाई डाटा सेन्टर सञ्चालनका लागि उपयुक्त मान्दै जलविद्युत् आयोजना नजिकै उच्च क्षमताका डाटा सेन्टर स्थापना गरिनेछ । यसबाट 'ग्रिन जिपियु कम्प्युटिङ' सेवा एसियालाई निर्यात गर्न सकिने रास्वपाको दाबी छ ।

यस्तै, एक वर्षभित्र विश्वव्यापी अध्ययनका आधारमा क्रिप्टोकरेन्सीको नियमन र उपभोक्ता संरक्षणबारे स्पष्ट राष्ट्रिय नीति ल्याइने र क्रिप्टो माइनिङको सम्भावनालाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाइने जनाइएको छ ।

विश्वव्यापी श्रम बजारको परिवर्तनलाई आत्मसात् गर्दै रास्वपाले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने जनाएको छ । यसका लागि श्रम ऐन संशोधन गरी रिमोट वर्क र डिजिटल रोजगारीलाई वैधानिक मान्यता दिइनेछ । साथै, 'डिजिटल नोम्याड' (घुमन्ते डिजिटल कर्मचारी) लाई आकर्षित गर्न विशेष भिसा र बसोबासको नीतिगत व्यवस्था गरिने वाचापत्रमा उल्लेख छ ।

# दुई पूर्व श्रममन्त्री हार्दा अर्याल निर्वाचित

काठमाण्डु । फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी भारी मतान्तरले पराजित भएका छन् । १८ औं पटकभन्दा बढी मन्त्री भइसकेका भण्डारी यो पटक भने महोत्तरी-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उम्मेदवार दीपककुमार साहसंग पराजित भएका छन् । साहले ३२ हजार ७२२ मत पाउँदा भण्डारीले १० हजार १९८ मत मात्रै प्राप्त गरे । दुईबिचको मतान्तर २२ हजार ५२४ छ ।

२०७९को निर्वाचनमा भण्डारीले २५ हजार १९० मत ल्याएर निर्वाचित भएका थिए । २०६४, २०७४ र २०७९ मा निर्वाचन जितेका उनले २०७० र यस पटक मात्रै चुनाव हारेका छन् ।

त्यस्तै अर्का पूर्वश्रम मन्त्री गोकर्णराज विष्ट गुल्मी-२ मा पराजित भएका छन् । उनी पनि रास्वपा उम्मेदवार गोविन्द पन्थीसँग ५६१ मतान्तरले पराजित भएका छन् । पन्थीले १६ हजार ९६७ मत पाउँदा विष्टले १६ हजार ४०६ मत पाएका छन् ।

त्यस्तै अर्का पूर्व श्रम मन्त्री डीपी अर्याल र पूर्व श्रम राज्यमन्त्री टेकबहादुर गुरुङ भने विजयी भएका छन् । रास्वपाका उपसभापति अर्याल काठमाडौं-९ बाट निर्वाचित भएका हुन् । उनले ३५ हजार ९३ मतसहित जित निकाल्दा नेपाली कांग्रेसकी नानु मैयाँ बास्तोलाले ५ हजार ४६० मत प्राप्त गरिन् ।

पूर्व श्रम राज्यमन्त्री गुरुङ मनाङबाट विजयी भएका हुन् । कांग्रेसका उम्मेदवार रहेका गुरुङ २ हजार ४१५ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) की यशोदा सुवेदी गुरुङले ४५४ मत प्राप्त गरिन् ।



यसबाहेक वैदेशिक रोजगार व्यवसाय क्षेत्रको पृष्ठभूमि भएका अन्य केही उम्मेदवार पनि पराजित भएका छन् । जसमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्षहरू लालप्रसाद साँवा लिम्बू, तिलकबहादुर रानाभाट, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व अध्यक्ष किरण किशोर घिमिरे पराजित भएका छन् ।

त्यस्तै नेकपाको तर्फबाट उम्मेदवार बनेका रनबहादुर राईसमेत हालसम्मको मतगणनामा पाँचौं नम्बरमा छन् ।

झापा-४ मा एमालेका तर्फबाट उम्मेदवार बनेका लालप्रसाद साँवा लिम्बू रास्वपा उम्मेदवार शम्भुप्रसाद ढकालसँग पराजित भएका हुन् । ढकालले ४३ हजार ६३१ मत ल्याउँदा लिम्बूले ११ हजार ९८६ मत प्राप्त गरे ।

कास्की-१ बाट उम्मेदवार कांग्रेसको बनेका म्यानपावर व्यवसायी तिलकबहादुर रानाभाट रास्वपाका खडकराज पौडेलसँग पराजित भएका हुन् । रानाभाट नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष हुन् । कास्कीऔ१ मा पौडेलले ३९ हजार ८८३ मत पाउँदा रानाभाटले ११ हजार २१४ मत पाए । दाङ-२ मा कांग्रेसका तर्फबाट उम्मेदवार बनेका नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व अध्यक्ष किरण किशोर घिमिरे रास्वपाका विपिनकुमार आचार्यसँग पराजित भए ।

आचार्यले ४३ हजार ५५९ मत पाउँदा घिमिरेले भने ११ हजार ५५८ मतसहित तेस्रो रहे । रासस

# निर्धारण गरिएको विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आज (आइतबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारण गरिएको विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४६ रुपैयाँ ४९ पैसा र बिक्रीदर १४७ रुपैयाँ ०९ पैसा तोकिएको छ ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६९ रुपैयाँ ६१ पैसा र बिक्रीदर १७० रुपैयाँ ३० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९५ रुपैयाँ ४२ पैसा र बिक्रीदर १९६ रुपैयाँ २३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८७ रुपैयाँ ४७ पैसा र बिक्रीदर १८८ रुपैयाँ २४ पैसा कायम गरिएको छ ।



अष्ट्रेलियन डलर एकको खरिददर १०२ रुपैयाँ ७३ पैसा र बिक्रीदर १०३ रुपैयाँ १५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०७ रुपैयाँ २४ पैसा र बिक्रीदर १०७ रुपैयाँ ६८ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११४ रुपैयाँ ४४ पैसा र बिक्रीदर ११४ रुपैयाँ ९१ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २८ पैसा र बिक्रीदर नौ रुपैयाँ ३२ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ २२ पैसा र बिक्रीदर २१ रुपैयाँ ३० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३९ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३९ रुपैयाँ १९ पैसा, कतारी रियाल एकको खरिददर ४० रुपैयाँ १६ पैसा र बिक्रीदर ४० रुपैयाँ ३३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५९ पैसा र बिक्रीदर चार रुपैयाँ ६१ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ८८ पैसा र बिक्रीदर ४० रुपैयाँ ०५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ १२ पैसा र बिक्रीदर ३७ रुपैयाँ २८ पैसा, साउथ कोरियन वन १०० को खरिददर ० ९ रुपैयाँ ८७ पैसा र बिक्रीदर ० ९ रुपैयाँ ९१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ८५ पैसा र बिक्रीदर १५ रुपैयाँ ९२ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ७० पैसा र बिक्रीदर २२ रुपैयाँ ८० पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ७३ पैसा र बिक्रीदर १८ रुपैयाँ ८१ पैसा,रहेको छ ।रासस

# जेनजी घटनाको प्रतिवेदन सरकारलाई बुझाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले सरकारलाई अन्तिम प्रतिवेदन बुझाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई अन्तिम प्रतिवेदन बुझाएको हो।

आयोगले करिब दुई सय जनालाई सोधपुछ गरिएको र विज्ञहरुसँग पनि राय लिएर प्रतिवेदन तयार गरिएको जनाएको छ। त्यस्तै आयोगले भाद्र २३ र २४ गते घटेको घटनाको अध्ययन र विश्लेषणका आधारमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको उल्लेख गरेको छ।

आयोगका सदस्य पूर्व एआईजी विज्ञानराज शर्माले प्रतिवेदनमा गल्ती गर्ने व्यक्तिहरूलाई कारबाही गर्न सिफारिस गरिएको जानकारी दिए। उनका अनुसार प्रतिवेदन ९ सयभन्दा बढी पृष्ठको रहेको छ र त्यसमा विभिन्न अनुसूचीहरू पनि समावेश छन्।

जाँचबुझ आयोगको प्रतिवेदन बुझेपछि प्रधानमन्त्री कार्कीले अध्ययन गरेर मन्त्रिपरिषद्मार्फत आवश्यक प्रक्रिया अघि बढाउने उनले बताए।

सरकारले असोज ५ गते जेनजी आन्दोलनमा जनधनको क्षति भएको घटनाबारे छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो। पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य थिए।

उक्त घटनामा आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं जिल्ला सुरक्षा समितिका तत्कालीन अध्यक्षलाई जिम्मेवार ठहर गर्दै फौजदारी कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउन सरकारलाई सिफारिस गरेको जनाएको छ। आयोगका अनुसार केन्द्रीय स्तरमा तत्कालीन प्रधानमन्त्री र जिल्ला स्तरमा सुरक्षा समितिका अध्यक्षलाई जिम्मेवार बनाउनुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ।

आयोगको सिफारिस कार्यान्वयन भएमा तत्कालीन प्रधानमन्त्री ओली तथा काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल



रिजाल विरुद्ध मुलुकी अपराध संहिता-२०७४ अनुसार मुद्दा चल्न सक्ने सम्भावना रहेको छ। प्रदर्शनका क्रममा गोली चलाउने आदेश दिएको विषयमा त्यसबेला प्रमुख जिल्ला अधिकारी रिजालको आलोचना हुँदै आएको थियो।

त्यसबेला गृहमन्त्री रमेश लेखक, गृह सचिव गोकर्णमणि दुवाडी र प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ रहेका थिए। आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले संसद् भवन घेरेपछि आईजीपी खापुङले 'वाकीटकी' मार्फत गोली चलाउने आदेश दिएको दाबी फिल्डमा खटिएका केही अधिकृतहरूले गरेको बताइएको छ।

बताए। उहाले आयोगको प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्ने समयसम्म वर्तमान सरकार नरहने भएकाले आगामी सरकारले आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्ने विश्वास समेत व्यक्त गरे। मन्त्रिपरिषद्बाट पेश भएपछि प्रतिवेदनको निचोड सार्वजनिक गरिने उनले बताए।

त्यस्तै प्रतिवेदन बुझाएपछि आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले प्रमाणका आधारमा सरकारलाई रायसुझाव दिएको र अब बाँकी काम सरकारले अघि बढाउने बताए। जेनजी आन्दोलनका क्रममा दोषी देखिएकालाई कारबाहीको सिफारिस गरिएको

## मधेशमा रास्वपाको लहर :

# ३२ मध्ये ३० सिट कब्जा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको हालै सम्पन्न निर्वाचनले मधेश प्रदेशको राजनीतिक तस्वीर नै बदलिएको छ। प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० सिट जित्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्याशित सफलता हासिल गरेको छ।

यस परिणामले परम्परागत रूपमा प्रभाव जमाउँदै आएका ठूला दलहरूलाई गम्भीर झट्का दिएको छ। यस निर्वाचनमा नेपाली कांग्रेसले मात्र एउटा सिट जितेर आफ्नो उपस्थिती जोगाएको छ। नेकपा एमाले तथा मधेशकेन्द्रित दलहरू भने अधिकांश क्षेत्रमा पराजित हुँदै प्रभाव कायम राख्न असफल देखिएका छन्।

धनुषा क्षेत्र नम्बर-१ मा मतपरिणाम विवादमा परेपछि निर्वाचन आयोगले अन्तिम नतिजा सार्वजनिक गर्न रोक लगाएको छ। मतगणनाको नतिजाअनुसार सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रमा रास्वपाले जीत निकाल्दै क्लिन स्वीप गरेको छ।

सप्तरी – सप्तरीको १ मा रास्वपाका पुष्पाकुमारी चौधरीले ३८ हजार १९५ मत ल्याई विजयी भएका छन् भने उनका निकटम प्रतिष्पर्धी स्वाभिमान पार्टीका सुमित कुमारले ७ हजार ८४७ मत ल्याएका छन। सप्तरी २ मा रास्वपाका रामजी यादव २८ हजार ४०४ मत ल्याएर विजयी भएका छन भने जसपा नेपालका उमेश यादवले १४ हजार २७३ मत ल्याई दोश्रो र जनमत पार्टीका डा. सिके राउतले ९ हजार ८८० मत ल्याई तेश्रो भएका छन्।

सप्तरी ३ मा रास्वपाका अमरकान्त चौधरीले ३२ हजार ८७५ मत ल्याई विजयी भएका छन् भने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले १५ हजार २३९ मत ल्याई प्रतिष्पर्धी बनेका छन। सप्तरी ४ मा रास्वपाका सीतराम साह ३६ हजार ४१२ मत ल्याएर विजयी भएको र कांग्रेसका तेजुलाल चौधरी १३ हजार १०३ मत ल्याई दोश्रो छन् ।

सिरहा – सिरहा क्षेत्र नम्बर-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बब्लु यादव गुप्ता ४१ हजार ३२२ मतसहित निर्वाचित भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरीले ९ हजार ७८४ मतसहित दोश्रो



भएका छन्।

क्षेत्र नम्बर-२ मा रास्वपाका शिवशंकर यादव ३९ हजार ५६१ मतसहित विजयी हुँदा कांग्रेसका रामसन्द्री यादव १२ हजार ८०० मतसहित दोस्रो स्थानमा रहेका छन्। क्षेत्र नम्बर-३ मा रास्वपाका शम्भु कुमार यादव ३२ हजार ९४९ मतसहित निर्वाचित भएका छन् भने हिमालय दलका लीलानाथ श्रेष्ठ १० हजार १२६ मतसहित दोस्रो स्थानमा छन्।

क्षेत्र नम्बर-४ मा रास्वपाका तपेश्वर यादव ३६ हजार २१० मतसहित विजयी हुँदा नेकपाका उम्मेदवारले ७ हजार ९७९ मत ल्याएर दोस्रो छन्।

धनुषा – धनुषा क्षेत्र नम्बर-१ को परिणाम अझै विवादित अवस्थामा रहेका कारण परिणाम रोकिएको छ।

क्षेत्र नम्बर-२ मा रास्वपाका रामविनोद यादव ४१ हजार ६३७ मतसहित निर्वाचित भएका छन् । कांग्रेसका दिनेश प्रसाद यादव परसैला यादव १० हजार १९८ मतसहित दोस्रो प्राप्त गरेका छन्।

क्षेत्र नम्बर-३ मा रास्वपाका मनिष झा ४३ हजार ९८८ मतसहित विजयी भएका छन् भने कांग्रेसका विमलेन्द्र निधि १६ हजार ६५२ मतसहित प्रतिष्पर्धी बनेका छन्। क्षेत्र नम्बर-४ मा रास्वपाका राजकिशोर महतो ४८ हजार २७० मत ल्याएर भारी मतान्तरले विजयी भएका छन्। कांग्रेसका उम्मेदवार महेन्द्र यादव १५ हजार ८०९ ल्याई दोश्रो स्थानमा परेका छन् रघुवीर महासेठ ११ हजार ५२९ मतसहित तेश्रो स्थानमा छन्।

महोत्तरी – महोत्तरी क्षेत्र नम्बर-१ मा रास्वपाका प्रमोद कुमार महतो ३४ हजार ६३६ मतसहित विजयी भएका छन् । नेकपाका गिरिराजमणि पोखरेल १२ हजार ६२४ मतसहित दोस्रो भएका छन्।

क्षेत्र नम्बर-२ मा रास्वपाका दीपक कुमार साह ३२ हजार ७२२ मतसहित निर्वाचित भएका छन् । साहले मधेशका दिग्गज नेता मानिएका १३ पटक जितेका जसपा नेपालका शरत सिंहलाई मात्र १० हजार १९८ मत ल्याई पराजित भएका छन्।

क्षेत्र नम्बर ३ मा रास्वपाकै उम्मेदवार उज्जवलकुमार झा ३२ हजार ४१५ मत ल्याई विजयी भएको छ भने यहाँ निकटम प्रतिष्पर्धी नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष मोहम्मद रिजवान अन्सारी ५ हजार ९६९ मत ल्याएर बनेका छन्।

क्षेत्र नम्बर-४ मा रास्वपाकी गौरी कुमारी ३० हजार १३२ मतसहित विजयी हुँदा जसपा नेपालका सुरेन्द्र यादव ८ हजार ७४२ मतसहित दोस्रो स्थानमा छन्।

सर्लाही – सर्लाही क्षेत्र नम्बर-१ मा रास्वपाका नितिमा भण्डारी कार्की ४६ हजार १८१ मतसहित विजयी भएका छन् भने कांग्रेसका शम्भुलाल श्रेष्ठ ७ हजार ८७१ मतसहित दोस्रो स्थानमा छन्।

क्षेत्र नम्बर-२ मा रास्वपाका रविन महतो ४२ हजार ५१२ मत ल्याएर निर्वाचित भएका छन् । उनका निकटम प्रतिष्पर्धी नेकपा महेन्द्र राय यादव ८ हजार ५२३ मत मात्र ल्याउन सकेका छन्।

क्षेत्र नम्बर-३ मा रास्वपाका नरेन्द्र साह कलवार ४६ हजार ८९० मतसहित विजयी भएका छन् भने नेकपाका नारायणकाजी श्रेष्ठ १३ हजार ३३८ मतसहित दोस्रो स्थानमा छन्। कलवार नेकपाकै थिए उनले त्यहाँबाट टिकट नपाएपछि रास्वपाबाट उम्मेदवार बनेका थिए।

क्षेत्र नम्बर-४ मा रास्वपाका अमरेश कुमार सिंह ३५ हजार ६२८ मतसहित विजयी भएका छन्। कांग्रेसका सभापति गगन थापा २२ हजार ८३१ मतसहित पराजित भएका छन्।

रौतहट – रौतहट क्षेत्र नम्बर-१ मा रास्वपाका राजेश कुमार चौधरी २८ हजार ९४६ मतसहित विजयी भएका छन् भने एमालेका अजय कुमार गुप्ता १० हजार ६९३ मतसहित दोस्रो स्थानमा छन्।

क्षेत्र नम्बर-२ नै यस्तो क्षेत्र हो जहाँ कांग्रेसले आफ्नो साख जोगाउन सफल भएको छ । यहाँ कांग्रेसका मोहम्मद फिरदौस आलम २९ हजार ५२८ मत ल्याएर विजयी भएका छन् भने नेकपाका किरण कुमार साह १८ हजार ४४२ मतसहित दोस्रो स्थानमा रहेका छन्।

क्षेत्र नम्बर-३ रास्वपाका रविन्द्र पटेल २७ हजार ३१८ मत ल्याई विजयी भएका छन् भने जसपा नेपालका गोविन्द चौधरी ११ हजार ९५४ मत ल्याई दोश्रो स्थानमा छ।

क्षेत्र नम्बर-४ मा रास्वापका गणेश पौडेल ३६ हजार ८७६ मत ल्याई विजयी भएका छन भने कांग्रेसका देवप्रसाद तिमलसेना १५ हजार ८६५ ल्याएर दोश्रो भएका छन्।

बारा – क्षेत्र नम्बर-१ मा रास्वपाका गणेश भिमल ३९ हजार ९९८ मत प्राप्त गर्दै निर्वाचित भएका छन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका शम्भु बहादुर गुरुङले १४ हजार २२३ मत प्राप्त गरेका छन्।

क्षेत्र नम्बर-२ मा रास्वपाका चन्दन कुमार सिंह ३५ हजार ५९० मतसहित विजयी भएका छन् भने जसपा नेपालका रामकिशोर प्रसाद यादव १४ हजार १९६ मतसहित दोश्रो स्थानमा छन्।

क्षेत्र नम्बर ३ मा पनि रास्वपाका उम्मेदवार अरविन्द साह ४० हजार ६९६ मत ल्याई विजयी भएका छन भने निकटम प्रतिष्पर्धी कांग्रेसका दिग्गज नेता फरमुल्लाह मन्सूरले मात्र १० हजार ५२ मत ल्याएका छन्।

क्षेत्र नम्बर-४ मा रास्वपाका रहबर अन्सारी ४१ हजार २०० मतसहित निर्वाचित भएका छन्। नेकपा एमालेका कृष्णकुमार श्रेष्ठ (किसान) ले ११ हजार ६३९ मत प्राप्त गर्दै दोस्रो स्थान हासिल गरेका छन्।

पर्सा – क्षेत्र नम्बर-१ मा रास्वपाका बुद्धिप्रसाद पन्थ 'हरि' २७ हजार २७४ मतसहित विजयी भएका छन् भने एमालेका प्रदीप यादव १३ हजार ३० मतसहित दोस्रो स्थानमा छन्।

क्षेत्र नम्बर-२ मा रास्वपाका सुशील कुमार साह कानु ३० हजार ७४० मत ल्याएर निर्वाचित भएका छन् भने यहाँ कांग्रेसका अजय कुमार चौधरी ११ हजार ८९० मतसहित दोस्रो स्थानमा रहेका छन्।

क्षेत्र नम्बर-३ मा रास्वपाका रमाकान्त प्रसाद चौधरी २९ हजार ६७९ मत प्राप्त गर्दै विजयी भएका छन् भने कांग्रेसका सुरेन्द्र प्रसाद चौधरी १६ हजार ३६६ मतसहित दोस्रो स्थानमा छन्।

क्षेत्र नम्बर-४ मा रास्वपाका टेकबहादुर साखे २८ हजार ६०० मतसहित निर्वाचित भएका छन् भने नेपाली कांग्रेसका रमेश रिजाल १२ हजार ५३४ मतसहित दोस्रो स्थान प्राप्त गरेका छन्।

# संसदीय राजनीतिबाट मधेश केन्द्रित दल आउट

**किरण कर्ण**

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम अन्तिमतर्फ पुग्ने क्रमसंगै मधेशको नाममा राजनीतिक गर्दै आएका मधेश केन्द्रित दलहरूको तीन दशकसम्मको वर्चस्व अनपेक्षित रुपमा समाप्तको कगारमा पुगेको छ। मतपरिणाम सार्वजनिक भइरहँदा संसदीय राजनीतिबाट करिब साढे तीन दशकमै आउट भएका छन्।



निर्वाचन आयोगको तथ्यांकले जनाए अनुसार मधेश आन्दोलनका संवाहक जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवसहितका दिग्गज नेताहरू पराजित भएका छन्।

मधेश प्रदेशको ३२ सिटमध्ये एउटा कांग्रेसले जित हात पारेको छ भने एक क्षेत्रमा नेकपाले अग्रस्थानमा लिएको छ । सो क्षेत्रमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज भएकाले अन्य दलले अग्रता पाएका छन्। खारेजीमा परेका उम्मेदवारले समेत अन्य दलको भन्दा धेरै मतको अग्रता बनाएका छन्।

मधेशका मुद्दा उठाएर ०४८ देखि उदाएका क्षेत्रीय दलहरू यसपटक एक सिटसमेत जित्न सकेका छैनन्।

सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भारी मतान्तरले पराजित भएका छन् । उनी रास्वपाका उम्मेदवार अमरकान्त चौधरीसंग १० हजारभन्दा बढी मतान्तरले पराजित भएका छन्। ०६४ सालदेखि निरन्तर रुपमा संसद्मा रहँदै आएका यादवको संसदीय यात्रामा भने ब्रेक लागेको छ।

त्यस्तै महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट जसपा नेपालका नेतासमेत रहेका पूर्वमन्त्री भण्डारी पनि पराजित भएका छन्। उनलाई रास्वपाकै दीपककुमार शाहले २२ हजारभन्दा बढीको भारी मतान्तरले पराजित गरेका छन्।

त्यस्तै सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष सीके राउतले अघिल्लो प्रतिनिधिसभा सदस्यको निर्वाचनमा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई पारजित गर्दै चर्चामा आएका थिए । तर यसपटक उनी तेस्रो स्थानमा खुम्चिएका छन्। अध्यक्ष राउतलाई रास्वपाका रामजी यादवले ७ हजारभन्दा बढी मतले पछाडि छन्।

त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्बर २ बाट राष्ट्रिय मुक्ति पार्टी नेपालका राजेन्द्र महतो चौथो स्थानमा रहेर हार व्यहोरेका छन्। अध्यक्ष महतोलाई रास्वपाका रबिन महतोले ४२ हजार ५१२ मतले पारजित गर्दा उनले ५ हजार ९९२ मत मात्रै प्राप्त गर्न सकेका छन्। महतोका निकटतम् प्रतिद्वन्द्वी नेकपाका महेन्द्र राय यादव रहेका छन्।

त्यसैगरि समानुपातिकतर्फ पनि मधेश केन्द्रित दलहरूले राष्ट्रिय पार्टी बन्नका लागि आवश्यक रहेको ३ प्रतिशतको 'थ्रेसहोल्ड' कटाउन सक्ने सम्भावना पनि न्यून देखिएको छ। आइतबार रातिसम्म आयोगले सार्वजनिक गरे समानुपातिक मतपरिणाम अनुसार ५७ लाख ९६ हजार ७९ मत गणना हुँदा मधेश केन्द्रित दलहरूको अवस्था निकै कमजोर छ। जसपा नेपालले ७४ हजार ३५३ मत पाउँदा जनमत पार्टीले ३३ हजार ६२८ मत र राष्ट्रिय मुक्ति पार्टीसहितकाले २८ हजार ३६५ मत पाएका छन्। यो मत परिणामले ती दलहरूको राष्ट्रिय राजनीतिमा रहने हैसियतमाथि पनि गम्भीर प्रश्न उठाएको छ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले मधेश केन्द्रित दलहरू मधेश प्रदेशमा शून्यमा झरेको भन्दै चिन्तित बनेका छन् । पराजित भएपछि उनले मधेशका लागि दशकौंदेखि संघर्ष गरेका, मधेश आन्दोलनको जगमा उदाएका तथा मधेशका लागि त्याग, तपस्या र बलिदानी दिएका राजनीतिक शक्तिहरू एकाएक कमजोर अवस्थामा पुग्नु चिन्ताजनक भएको उल्लेख गरे।

०६३/०६४ को मधेश आन्दोलनका बेला 'पहिचान' र 'अधिकार' का मुद्दाका कारण मधेशी जनताले साथ र सहयोग गरेको थियो । तर झन्डै दुई दशकसम्म तिनै मुद्दा दोहोऱ्याइरहँदा जनताको दैनिक जीवन शिक्षा, स्वास्थ्य, रोजगारी र कृषिमा कुनै कुनै पनि किसिमको सुधार गर्नुको साटो आफन्तजन, नातावाद, जातवाद र व्यवसायी राजनीतिमा लाग्ने प्रवृत्तिका कारण मतदातामा वितृष्णा जागेपछि आमजनले विकल्पको बाटो रोज्न बाध्य भएको राजनीतिक विश्लेषकहरु बताउँछन्।

उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतोजस्ता दिग्गज नेताहरूले मधेशको अधिकारका लागि भन्दा पनि सत्ताको समीकरण मिलाउन र छोराछोरी मोहमा रुमल्लिएको आरोप उनका कार्यकताहरुले समेत लगाउन थालेका छन् । कहिले एमाले, कहिले कांग्रेस त कहिले माओवादीसंग मिलेर सरकारमा गए पनि मधेशका आधारभूत समस्या समाधान नगर्ने शैलीलाई मतदाताले 'अवसरवाद' को रूपमा बुझ्न थालेका थिए।

यसक्रममा काठमाण्डु महानगरका पूर्वमेयर बालेन्द्र साह उर्फ बालेनलाई भावी प्रधानमन्त्रीमा नाम प्रस्ताव गरेपछि मधेशमा युवाहरुले समेत अनपेक्षित साथ र सहयोग गरेको देखिन्छ।

संघीय सरकारका प्रधानमन्त्री मधेशी मूलको नभइरहेको अवस्थामा पहिलो पटक मधेशी मूलका बालेन प्रधानमन्त्री बन्न लागेपछि मधेशी मतदातालाई आकर्षिक गरेको छ। जसले गर्दा क्षेत्रीय दलहरु संसदीय व्यवस्थाको राजनीतिबाट आउट हुन पुगेको टिप्पणी समेत हुन थालेको छ।

०७९ को चुनावमा सीके राउत र जनमत पार्टीलाई मतदाताले एउटा आशाका रूपमा देखे पनि दुई वर्षको अवधिमा जनमत पार्टीले समेत अन्य दलहरु झैं पुरानै सत्ताको खेल र मन्त्री पदकै लागि लुछाचुँडी गरेको देखेपछि मतदाताले यसपटक सप्तरी-२ मै सीके राउतलाई भारी मतान्तरले पराजित गरेका छन्।

मधेशमा अहिले ठूलो संख्यामा यहाँका युवासहितका मतदाताहरु आधुनिक युग अर्थात इन्टरनेट र प्रविधिसंग जोडिएका छन् । उनीहरूलाई ०६३ को विद्रोहको कथाले भन्दा पनि २०८२ को अवसर र आधुनिकताले बढी आकर्षित गरेको देखिन्छ।

२०६४ को पहिलो संविधानसभामा ५४ सिट जितेर राष्ट्रिय राजनीतिमा 'किङ मेकर' बनेका उपेन्द्र यादव नेतृत्वको जसपा १८ वर्षपछि शून्यमा झरेको छ । ०७४ मा १७ सिट जितेका मधेशी दलहरू २०७९ मा खुम्चिँदै अहिलेको निर्वाचनमा पूर्णतः विस्थापित भएको देखिन्छ। मतदाताले पुराना दलहरूको 'मधेश कार्ड' लाई त्यागेर भ्रष्टाचार विरोधी, सुशासन र नयाँ अनुहारलाई रोजेका छन्।

०४८ सालदेखि नेपाल सद्भावना पार्टीमार्फत शुरु भएको मधेश केन्द्रित राजनीति यात्रा ०६३ को मधेश विद्रोहपछि उत्कर्षमा पुगेको थियो। तर सत्ता केन्द्रित राजनीति, पार्टी विभाजन र मतदाताको अपेक्षा पूरा गर्न नसक्दा १८ वर्षपछि मधेश केन्द्रित दलहरू संसद्बाटै बाहिरै रहनुपर्ने अवस्था सृजना भएको छ।

# गगनलाई थापाको खुल्ला पत्र



**टुडे समाचारदाता**

मलंगवा। सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधि सभा सदस्य निर्वाचन जितेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेता अमरेशकुरमा सिंहले आफूले भारी मतान्तरले हराएका नेपाली कांग्रेसका सभापति गगन थापालाई सम्बोधन गर्दै खुलापत्र लेखेका छन्।

आइतबार सामाजिक सञ्जालमार्फत सिंहले सर्लाहीमा चुनाव लड्न आएकामा धन्यवाद भन्दै गगनलाई भ्रष्टहरूसँग मिलेर उम्मेदवार बनेको र आफ्नो निजी जीवन र परिवारविरुद्ध टिप्पणी गर्न लगाएको आरोप लगाएका हुन्। खुलापत्रमा सिंहले कांग्रेस बदल्न खोजेको तर आफू बदलिन नसकेको टिप्पणी पनि गरेका छन्।

'तपाईं पनि ती भ्रष्टहरूको साथ छोडेर स्वच्छ राजनीति गर्नुहुन्छ भन्ने पूर्ण आशा गरेको छु', सिंहले लेखेका छन्, तपाईं कांग्रेस परिवर्तन गर्न खोज्नुभयो तर आफू परिवर्तन हुन सक्नु भएन। तपाईंको अगामी राजनीति सफा र स्वच्छ होस् भनी कामना गर्दछु।'

*मेरा मित्र गगन थापाजि लाई*

*खुल्लापत्र*

*प्रिय मित्र गगन थापाजी,*

सबैभन्दा पहिला तपाईंलाई धन्यवाद दिन चाहन्छु कि तपाईंले सर्लाहीमा आएर चुनाव लडनु भो। तपाईं आफै आएको भए चुनाव रोचक हुने थियो तर तपाईं भ्रष्टहरु द्वारा आयातित उम्मेदवार हुनुभयो। त्यतिमात्र हैन ती भ्रष्टहरु लाई नै म विरुद्ध मेरो निजि र परिवारिक जिवनमाथी आफुखुसी टिप्पणी गर्न लगाउनुभयो खैर त्यसले केही फरक त परेन तर राजनीति भनेको सिद्धांत र एजेन्डामा हुनुपर्छ भन्ने मेरो बिश्वास छ।

अब चुनावको यो तिता कुरा छोडौ। अब देश निर्माणमा रास्वपा अगाडी बढिसक्यो। आउनेदिन मा तपाईं सङ पनि विभिन्न मुद्दा मा सहकार्य हुन सक्ला। अब भ्रष्टहरु लाई ठेगान लगाउने जनमत रास्वपाले पाएको छ। तपाईपनि ती भ्रष्टहरु को साथ छोडेर स्वच्छ राजनीति गर्नुहुन्छ भन्ने पुर्ण आशा गरेको छु। तपाईं कांग्रेस परिवर्तन गर्न खोज्नु भयो तर आफू परिवर्तन हुन सक्नु भएन। तपाईंको अगामी राजनीति सफा र स्वच्छ होस भनी कामना गर्दछु।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८